मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**विभिन्न अध्यादेश जारी भएसँगै पदमुक्त हुँदै पदाधिकारीहरू**

समाचार पृष्ठ ५ मा



● वर्ष ४ ● अंक १६५ ● २०८३ साल वैशाख २१ गते सोमबार ● Monday 04, May 2026 ● सूर्योदय: बिहान ०५:२७ बजे ● सूर्यास्त: साँझ ०६:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशमा बढ्दो सवारी दुर्घटना:
# मोटरसाइकल ज्यानमारा बन्दै



**मधेशदृष्टि**
**जनकपुरधाम**
मधेश प्रदेशमा पछिल्लो समय सवारी दुर्घटनामा उल्लेखनीय वृद्धि देखिएको छ । विशेषगरी मोटरसाइकल दुर्घटना अत्यधिक हुने गरेको तथ्यांकले देखाएको छ।
अघिल्लो शनिबार धनुषाको गणेशमान चारनाथ नगरपालिका–४ स्थित पूर्व–पश्चिम लोकमार्गमा बस र मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् । चितवनबाट गाईघाटतर्फ जाँदै गरेको प्रदेश २–०३–००१ ख १०११ नम्बरको बस र मधेश प्रदेश ०२–०१० प १२३७ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा मोटरसाइकल चालक महोत्तरीको पिपरा गाउँपालिका–७ का २१ वर्षीय अतुल चौधरी गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।
दुर्घटनामा मोटरसाइकलको पछाडि सवार जलेश्वर नगरपालिका–१ की २३ वर्षीया रागनीकुमारी महतो गम्भीर घाइते भएकी छन्।
यसैगरी, गत वैशाख ५ गते हावाहुरीका कारण जलेश्वर–जनकपुर सडकखण्ड अन्तर्गत परिकौली ब्यारेक नजिक गुडिरहेको टेम्पोमाथि रुख ढल्दा दुई जनाको ज्यान गएको थियो। दुर्घटनामा जनकपुरधाम उपमहानगरपालिका–२०, देवपुरा रूपैठाकी ४१ वर्षीया शकुन्तला देवी पण्डित र महोत्तरीको एकडारा गाउँपालिका–३ का ३३ वर्षीय राहुल मलिकको मृत्यु भएको थियो भने तीन जना घाइते भएका थिए।
यस घटनाभन्दा एक दिनअघि सप्तरीको डाक्नेश्वरी नगरपालिका–७, मझौरामा भएको मोटरसाइकल दुर्घटनामा अन्दाजी ५५ वर्षीया मन्जुदेवी मण्डलको मृत्यु भएको थियो।
त्यस्तै, गत चैत २३ गते एसईई परीक्षा दिएर घर फर्किँदै गरेका विद्यार्थीहरू सवार दुई मोटरसाइकल एकडारा गाउँपालिका–५, गेना बथनाहामा दुर्घटनामा पर्दा तीन जनाको जलेर घटनास्थलमै मृत्यु भएको थियो। मृत्यु हुनेमा जलेश्वर–६ का २० वर्षीय रबि दास, २० वर्षीय सुभाष दास र एकडारा–३ का अभिषेक मण्डल रहेका छन्। अन्य तीन जना गम्भीर घाइते भएका थिए।
प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७७–७८ देखि चालु आर्थिक वर्ष २०८२–८३ को चैत मसान्तसम्म मधेश प्रदेशमा सवारी दुर्घटनामा परेर ३ हजार १ सय ४६ जनाले ज्यान गुमाइसकेका छन्, जसमा अधिकांश पुरुष रहेका छन्।
केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्ले का अनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्म मात्र ३ सय ९८ जनाको मृत्यु भइसकेको छ। मृतकमध्ये २ सय ८९ पुरुष, ७३ महिला र ३६ बालबालिका रहेका छन्। यस अवधिमा १ हजार ४ सय ९ जना गम्भीर घाइते भएका छन्।
प्रहरीका तथ्यांकअनुसार चालु आर्थिक वर्षको नौ महिनामा ६ हजार ८ वटा दुर्घटना हुँदा ८ हजार ६ सय २४ सवारीसाधन दुर्घटनामा परेका छन्। तीमध्ये ५ हजार ९ सय ७५ मोटरसाइकल रहेका छन्।
गत आर्थिक वर्ष २०८१–८२ मा ७ हजार ४ सय ४३ दुर्घटनामा ५ सय ६४ जनाको मृत्यु भएको थियो भने १ हजार ९ सय ७८ जना गम्भीर घाइते भएका थिए । त्यसैगरी, आर्थिक वर्ष २०८०–८१ मा ६ हजार ५८ दुर्घटनामा ५ सय ३० जनाको मृत्यु र २ हजार २४९ जना गम्भीर घाइते भएका थिए।
मधेश प्रदेशका जिल्लामध्ये धनुषामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना हुने गरेको पाइएको छ। चालु आर्थिक वर्षको चैत मसान्तसम्म धनुषामा मात्रै १ हजार ४८ मोटरसाइकल दुर्घटनामा परेका छन्।
विशेषज्ञहरूका अनुसार तीव्र गति, ट्राफिक नियमको उल्लंघन, सुरक्षात्मक उपायको कमी तथा सडक पूर्वाधारको कमजोरी दुर्घटनाका प्रमुख कारणका रूपमा रहेका छन्।

## बृहत्तर जनकपुर क्षेत्र विकास
# परिषद्का कर्मचारी तलबविहीन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
विवादै विवाद र अदालती मुद्दाका कारण बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् अस्तव्यस्त बनेको छ । धनुषा, महोत्तरीलगायत मिथिला मध्यमा परिक्रमा क्षेत्रभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्ने उद्देश्यले स्थापना गरिएको परिषद्का कर्मचारीले विगत २६ महिनादेखि तलब–भत्ता पाउन सकेका छैनन्।
विसं. २०५५ सालमा स्थापना भएको परिषद्मा कार्यकारी निर्देशकदेखि कार्यालय सहयोगीसम्म २३ जना कर्मचारी कार्यरत थिए। तर हाल चार जना भ्रष्टाचार आरोपमा निलम्बित छन् भने तीन जना सेवा निवृत्त भइसकेका छन् । बाँकी कर्मचारीहरू लामो समयदेखि तलब नपाउँदा दैनिक जीवनयापन नै कठिन बनेको बताउँछन्।
परिषद्भित्र नियमविपरीत खाता सञ्चालन, अध्यक्ष र कार्यकारी निर्देशकबीचको विवाद, अदालतमा विचाराधीन मुद्दा, अवैध कर्मचारी भर्ना तथा सामान खरिदमा अनियमितताजस्ता समस्याहरू थुप्रिँदै गएका छन्।
परिषद्का कार्यकारी निर्देशक वैद्यनाथ पासवानको हस्ताक्षर किर्ते गरेको आरोपमा बहालवाला अध्यक्ष शितल साह लाई प्रहरीले पक्राउ गरी मुद्दा चलाएको थियो। त्यसैगरी, मूल्यांकनभन्दा २१ लाख रुपैयाँ बढीमा दुईवटा घुम्ती शौचालय खरिद गरेको आरोपमा विशेष अदालतले पूर्वअध्यक्ष शालीग्राम सिंह सहित ६ जनालाई दोषी ठहर गरेको छ।
तलब र नियुक्तिको विषयमा कर्मचारी र नेतृत्वबीच बारम्बार विवाद हुँदा २७ वर्षअघि स्थापना गरिएको परिषद् अहिले पूर्ण रूपमा प्रभावहीन जस्तै बनेको छ। यसको प्रत्यक्ष असर मिथिला क्षेत्रका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा परेको स्थानीयहरूको गुनासो छ।

# सरकारको कार्यशैलीप्रति राउत आक्रोशित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सीके राउत नेतृत्वको जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै तत्काल सुधार गर्न आग्रह गरेका छन्।
प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकार बनेको सय दिन नपुग्दै राउतले सामाजिक सञ्जालमार्फत टिप्पणी सार्वजनिक गर्दै 'विकास' को अवधारणा र नागरिकप्रतिको व्यवहारमाथि प्रश्न उठाएका हुन्।
राउतले विकासलाई केवल चिल्ला फुटपाथ र चौडा सडकमा सीमित गर्न नमिल्ने उल्लेख गर्दै हरेक नागरिकलाई बसोबास, आश्रय र आधारभूत आवश्यकतामा पहुँच सुनिश्चित गर्नु नै वास्तविक विकास भएको बताएका छन्। राजधानीमा गरिब, मजदुर तथा सीमान्तकृत समुदायलाई विस्थापित गरी निर्माण गरिने संरचनालाई उनले 'नवधनाढ्यहरूको विलासिता' को संज्ञा दिएका छन्।
राज्यको परिभाषा केवल भू–भाग नभई जनता भएको उल्लेख गर्दै उनले सरकार जनताको सेवाका लागि नियुक्त संरचना भएको टिप्पणी गरेका छन् । राज्यका निकायहरूले आफ्नो सीमा र अधिकारको दायरा नाघ्न नहुने भन्दै उनले सत्ता र शक्तिको अहंकार खतरनाक हुने चेतावनी दिएका छन्। सेना, हतियार, सत्ता वा सामाजिक सञ्जालको प्रभावका आधारमा आफूलाई जनताभन्दा माथि ठान्नु गलत धारणा भएको राउतको भनाइ छ। उनले इतिहासको सन्दर्भ उल्लेख गर्दै अघिल्ला शासकहरूले पनि यस्तै भ्रम पालेको टिप्पणी गरेका छन्।
निर्णय गर्दा 'गोल्डेन रुल' अपनाउन सुझाव दिँदै राउतले कुनै पनि नीतिगत कदम चाल्दा प्रभावित नागरिकको स्थानमा आफ्नै बालबालिकालाई राखेर सोच्न सरकारलाई आग्रह गरेका छन्। नेपाल र जापानको उदाहरण दिँदै उनले राज्यको व्यवहारमा ठूलो अन्तर रहेको उल्लेख गरेका छन् ।राज्यले नागरिकप्रति गर्ने व्यवहारले नै भविष्यको पुस्ताको सोच निर्माण गर्ने भएकाले पछिल्ला कदमहरूले दीर्घकालीन नकारात्मक प्रभाव पार्न सक्ने उनको चेतावनी छ । नागरिकको संरक्षण गर्नु पर्ने राज्यले उल्टै उनीहरूलाई घरबारविहीन बनाउनु विधिको शासनविपरीत हुने उनको निष्कर्ष छ।

# तीन महिनामै दोस्रोपटक दुर्घटना



महोत्तरीको बर्दिबास क्षेत्रमा तीन महिनाको अन्तरमै एउटै यात्रुबाहक बस पुनः दुर्घटनामा पर्दा यातायात सुरक्षामाथि गम्भीर प्रश्न उठेको छ।
आइतबार पूर्व–पश्चिम लोकमार्ग अन्तर्गत बर्दिबास–११ स्थित जंगल बनपथ चोक नजिक बस दुर्घटना हुँदा १३ जना यात्रु घाइते भएका छन्।
जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार वीरगंजबाट कटारीतर्फ जाँदै गरेको बा४ख ५७६ नम्बरको बस अचानक अनियन्त्रित भई सडकको बायाँतर्फ पल्टिँदा दुर्घटना भएको हो। बसमा सवार यात्रुको यकिन संख्या भने अझै खुल्न बाँकी छ।
दुर्घटनामा ७ पुरुष र ६ महिला घाइते भएका छन् । घाइतेहरू उदयपुर, सर्लाही, चितवन, सिन्धुली र सिरहा जिल्लाका रहेको प्रहरीले जनाएको छ। दुर्घटनापछि नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले उद्धार गरी घाइतेहरूलाई बर्दिबास–१ स्थित शुभ स्वस्तिक अस्पतालमा भर्ना गरिएको छ । अस्पताल स्रोतका अनुसार अधिकांश घाइतेको टाउको, हातखुट्टा र छातीमा चोट लागेको छ ।
दुर्घटनापछि बस चालक फरार रहेका छन् र उनको खोजी भइरहेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ । प्रारम्भिक अनुसन्धानमा बस चलिरहेकै अवस्थामा अनियन्त्रित भई सडकमा पल्टिएको देखिएको छ।
चासोको विषय के हो भने यही बस (बा ४ ख ५७६) यसअघि पनि सोही क्षेत्रमा दुर्घटनामा परेको थियो। २०८२ माघ २९ गते बर्दिबास–११ स्थित मडाहा पुल आसपास कटारीबाट वीरगंजतर्फ जाँदै गर्दा स्टेरिङ फेल भई भएको दुर्घटनामा १८ जना घाइते भएका थिए, जसमा तीन नाबालक र आठ महिला रहेका थिए।
छोटो अन्तरालमै एउटै बस पुनः दुर्घटनामा पर्नुले सवारी साधनको प्राविधिक अवस्था, नियमित जाँच प्रक्रिया र यातायात नियमन प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ । पटक–पटक दुर्घटनामा परिरहेको सवारीलाई सडकमा सञ्चालन गर्न अनुमति दिइनु सरासर लापरबाही भएको स्थानीयले आरोप लगाएका छन्।

## गरिब र असहायमाथि
# सरकारको बर्बरता: साह



**मधेशदृष्टि**
**सिरहा।**
आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकार र यसका नेतृत्वले विधि मासेर बल र संविधान छलेर सेनाको बलमा शासन गर्न खोजेको भन्दै आपत्ति जनाएका छन् । दीनदु:खी, गरिब र असहायहरूमाथि वर्तमान सरकारले बर्बर दमन गरेको र उनीहरूलाई उठिबास लगाएको भनेर आलोचना भइरहेको बेलामा अध्यक्ष साहले पनि प्रधानमन्त्री बालेन्द्र शाहले विधि मासेर बल प्रयोग र संविधान छलेर सेनामार्फत देशमा लामो समयसम्म शासन गर्न खोजेको संकेत मिलेको भन्दै यस्तो शासन नेपाली जनतालाई अस्वीकार्य भएको चेतावनी दिएका हुन्।
आइतबार गोलबाजारमा पार्टीले गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले संसद् छलेर अध्यादेशबाट शासन गरिनु संसदीय लोकतन्त्रको उपहास भएको भन्दै जननिर्वाचित सर्वोच्च थलो संसद्को सर्वोच्चता कायम गर्न सुझाव दिए। उनले विगतमा केपी ओलीले अध्यादेशबाट शासन गर्न खोज्दा र संसद्को अपमान गर्दा व्यहोरेको राजनीतिक क्षतिलाई पनि स्मरण गर्न उनले वर्तमान सरकार र रास्वपा नेतृत्व पङ्क्तिलाई सुझाव दिए।




# 'होल्डिङ सेन्टर'का बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन आग्रह

**काठमाडौँ।**
काठमाडौँ महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले 'होल्डिङ सेन्टर'का बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क शिक्षा उपलब्ध गराउन प्याब्सन र एनप्याब्सनका पदाधिकारीसँग आग्रह गरेकी छिन्।

शनिबार निजी तथा संस्थागत विद्यालयका सङ्घसङ्गठनका पदाधिकारीसँग यहाँ भएको छलफलमा उनले राधास्वामी सत्संत व्यास आश्रममा सञ्चालित होल्डिङ सेन्टरमा भएका बालबालिकालाई संस्थागत विद्यालयमा आवासीय सुविधासहित निःशुल्क र नियमित अध्ययनको व्यवस्था मिलाउनुपर्नेमा जोड दिइन्।

'नदी किनाराका अव्यवस्थित बस्ती खाली गर्ने क्रममा बालबालिकाको अध्ययनमा नकारात्मक असर परिरहेको छ। सोसम्बन्धमा अहिले कीर्तिपुरस्थित राधास्वामी सत्सङ्ग आश्रममा रहेका बालबालिकालाई आवास सुविधासहित निःशुल्क अध्ययन गराउन हामीले निजी तथा संस्थागत विद्यालयबाट सहयोगको अपेक्षा गरेका छौँ,' छलफलमा कार्यवाहक प्रमुख डङ्गोलले भनिन्, 'अव्यवस्थित बस्तीबाट होल्डिङ सेन्टरमा राखिएका बालबालिकाको शिक्षाका लागि सबैको समन्वयबाट नियमित विद्यालय जाने अवसर प्रदान गरौँ। बालबालिकाको सर्वोत्तम हितमा काम गरौँ।'

संस्थागत सामाजिक उत्तरदायित्व र मानवताका दृष्टिले सहकार्य र समन्वयमार्फ अगाडि बढ्नुपर्ने कार्यवाहक प्रमुखले अनुरोध गरिन्।

उनको प्रस्तावमा प्याब्सनका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद अधिकारी, एनप्याब्सनका अध्यक्ष सुवास न्यौपाने, प्याब्सनका महासचिव आवि कटुवाल, एनप्याब्सनका महासचिव प्रकाश खड्काले वर्तमान अवस्थामा बालबालिकाको शिक्षा नियमित गर्ने सन्दर्भमा कामपाले सहकार्यका लागि अघि सारेको पहलले आफूहरूलाई पनि जिम्मेवार बोध गराएको उल्लेख गरे।

छलफलमा काठमाडौँ जिल्ला प्याब्सनका अध्यक्ष नवराज भट्ट, उपाध्यक्ष सूर्य भण्डारी, काठमाडौँ प्याब्सनका जिल्ला अध्यक्ष अमृत खड्का, काठमाडौँ महानगर प्याब्सनका अध्यक्ष गगनसिंह ऐर, एनप्याब्सन महानगर समितिका अध्यक्ष नवराज पाण्डे सहभागी थिए। कार्यवाहक प्रमुखको प्रस्तावका विषयमा प्याब्सन र एनप्याब्सनको बैठक बसेर आफूहरूले पूरा गर्नुपर्ने दायित्वका विषयमा कामपालाई खबर गर्ने अधिकारीहरूले जनाए। रासस

# पूर्व वडासदस्यलाई मानव मलमूत्र खुवाएको आरोपमा पक्राउ



**मधेशदृष्टि**
**रौतहट।**
कटहरिया नगरपालिकामा दलित समुदायकी पूर्व महिला वडा सदस्यमाथि बोक्सीको आरोप लगाउँदै अमानवीय व्यवहार गरिएको घटनामा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी विष्णु प्रदीप बस्यालका अनुसार कटहरिया नगरपालिका–९ डुमरिया टोलकी ५५ वर्षीया अंकलियादेवी मुसहरिनमाथि स्थानीय केही व्यक्तिले 'बोक्सी'को आरोप लगाउँदै गालीगलौज, लछारपछार तथा कुटपिट गरेका थिए। साथै उनीलाई जबरजस्ती मानव मलमूत्र खुवाइएको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएको थियो।

जाहेरीपछि प्रहरी टोली घटनास्थल खटिएर अनुसन्धान सुरु गरेको थियो। सोही क्रममा घटनामा संलग्नमध्ये कटहरिया–९ कै ३० वर्षीय शंकर माझीलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। अन्य संलग्न व्यक्तिहरूको खोजी कार्य जारी रहेको समेत प्रहरीले जनाएको छ। घटनामा दोषी ठहर हुने सबैलाई कानूनअनुसार कडा कारबाही गरिने प्रहरीले स्पष्ट पारेको छ।

**यसरी भएको थियो घटना**
शनिबार छिमेकीको घरमा विवाह समारोहका क्रममा आएको जन्तीका एक १० वर्षीय बालक बिरामी भई उल्टी गरेपछि सोही विषयलाई लिएर अंकलियादेवीमाथि जादू–टुना गरेको आरोप लगाइएको थियो। त्यसपछि १५–२० जनाको समूहले उनीमाथि आक्रमण गर्दै कुटपिट गर्नुका साथै बियरको बोतलमा घोलेर ल्याइएको मूत्र जबरजस्ती खुवाएको पीडितकी छोरी सुमिलादेवी मुसहरिनले बताएकी छन्।

पीडितले विरोध गर्दा थप कुटपिट गरिएको पनि उनले बताइन्। घटनापछि इलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई मोहन आले मगरको नेतृत्वमा पुगेको प्रहरी टोलीले पीडितको उद्धार गरी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका लागि पठाएको थियो। अचेत अवस्थामा रहेकी महिलाको उपचारपछि हाल स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

घटना लगत्तै आरोपितहरूलाई पक्राउ गर्न पुगेको प्रहरी टोलीमाथि स्थानीय केही महिला–पुरुषले अवरोध गर्नुका साथै आक्रमणको प्रयास समेत गरेका थिए।

# गुराँससँगै फस्टाउँदै स्थानीय घरबास

**दिलकुमार लिम्बू–रासस**
**ताप्लेजुङ।**
माघदेखि फुल्न थालेका गुराँस वैशाख तेस्रो सातासम्म पुग्दा अधिकांश क्षेत्रमा झरिसकेका छन्। अहिले मौसमअनुसार पनि गुराँस फुल्ने अन्तिम सयम हो। बेँसी क्षेत्रमा माघको तेस्रो सातादेखि र पहाडी तथा हिमाली क्षेत्रमा जेठको दोस्रो सातासम्म फुल्ने गुराँसले प्रकृतिक सुन्दरतासँगै पर्यटन प्रवद्र्धन गर्नुका साथै आनम्दानीको स्रोत पनि बनेको छ।



ताप्लेजुङ हिमाली जिल्ला भएकाले वनपाखामा प्रशस्त गुराँस पाइन्छ। अझ चैत–वैशाखमा वनपाखामा देखिने राताम्य गुराँसले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिरहेको हुन्छ। पछिल्लो समयमा गुराँस फुल्ने क्षेत्र नजिकै खाजा घर, होमस्टे (घरबास), चिया पसल सञ्चालन हुन थालेपछि स्थानीयको आयआइतबार्रन वृद्धि हुनुका साथै पर्यटन प्रवद्र्धन पनि हुँदै गएको ताप्लेजुङ एफएमका स्टेसन म्यानेजर देवराज गुरुङले बताए।

गत महिनादेखि गुराँस फुल्ने पाखामा घरबास सञ्चालन गर्न थालेको बताउँदै उनले दुई दशकदेखि गर्दै आएको सञ्चारकर्मीको पेसालाई परिवर्तन गरी घरवाससँगै स्थानीय उत्पादनका परिकारको प्रवद्र्धन गर्दै आएको उल्लेख गरे।

गुरुङले गुराँसको रुख देखाउँदै भने, 'पछिल्लो समय गुराँसका बोट हुर्काउँदै सोहीमार्फत आन्तरिक पर्यटन प्रवद्र्धनमा जोड दिँदै आएको छु। यस वर्ष गुराँसले गर्दा मनग्य व्यापार भयो। यहाँका एक सय क्षेत्रमा गुराँसले आम्दानी लिन सकिने रहेछ।

विगतमा यहाँ गुराँस फूले पनि होटल क्षेत्र वरिपरि बगैँचा नहुँदा समस्या थियो। अहिले बगैँचा विस्तारमा पनि जोड दिएको छु।'

जैविक विविधता क्षेत्रमा लामो समयदेखि ताप्लेजुङमा काम गर्दै आउनुभएका हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईले पाथीभरा क्षेत्रमा २२ प्रजातिका गुराँस पाइने जानकारी दिए। 'चैत–वैशाखमा पाथीभरा मन्दिर जाने पदमार्ग क्षेत्र गुराँसले राताम्य देखिन्छ। यसको संरक्षण र विस्तार गर्दै पर्यटन प्रवद्र्धनमार्फत स्थानीयको आयआइतबार्रनमा सुधार गर्दै लगेका छौँ,' उनले भने। गुराँस फुल्ने समयमा पाथीभराको दर्शन गर्दै गुराँस हेर्न आउने तीर्थयात्री तथा पर्यटकको चाप बढ्ने उनको अनुभव छ।

पाथीभरा क्षेत्रमा सञ्चालन रहेको होटेल व्यवसायीले गुराँस फुल्ने समयमा मनग्य आम्दानी लिँदै आएका पाथीभरा क्षेत्र होटल व्यवसायी सङ्घका अध्यक्ष इन्द्रनारायण श्रेष्ठले बताए। ताप्लेजुङ, तेह्रथुम र संखुवासभा जिल्लाको सङ्गमस्थल गुराँसको राजधानीका रूपमा रहेको तीनजुरे जलजले मिल्के क्षेत्रमा ३२–३३ प्रजातिको गुराँस पाइइने उनले जानकारी दिए।

यो क्षेत्र पूर्वको प्रसिद्ध र सम्भावना बोकेको पर्यटकीय गन्तव्य हो। गुराँस फुल्ने समयमा बाह्य तथा आन्तरिक पर्यटकको भिड हुने गरेकाले बगैँचा विस्तारसँगै पर्यटकीय गतिविधि चलायमान बनाउँदै लैजानुपर्नेमा संखुवासभा चैनपुर नगरपालिका–१ का होटल व्यवसायी हरी खनालले जोड दिए।

उनका अनुसार यस क्षेत्रमा तराई क्षेत्रबाट आन्तरिक पर्यटक गुराँस हेनका लागि आउने गर्दछन्। गुराँस फुल्ने समयमा यहाँका होटल व्यवसायीको आम्दानी बढ्ने खनालले बताए। उनका अनुसार तेह्रथम जिल्लाको बसन्तपुर क्षेत्रमा गुराँसको जुस र रक्सी प्रसिद्ध छ।

मैवाखोला क्षेत्रमा पर्ने मिल्केमा गुराँसपार्क निर्माण गरिएको छ। पर्यटन मन्त्रालयमार्फत सात करोड रुपैयाँ लागतमा पार्क निर्माण गरी विभिन्न संरचना बनाइएका होटल व्यवसायी खनालले जानकारी दिए।

समुद्री सतहबाट दुई हजार २०० मिटरदेखि तीन हजार ५०० मिटरको उचाइका वनजङ्गलमा गुराँस रहेको उनको भनाइ छ।

नेपाल गुराँस जैविक विविधतामा धनी मुलुकमध्ये एकका रूपमा परिचित रहेको वनस्पतिविद् केशवराज राजभण्डारीले बताए।। 'विश्वभर हालसम्म एक हजार १५७ प्रजातिका गुराँस पाइन्छन्। तीमध्ये नेपालमा मात्रै ३३ प्रजातिका छन्,' उनले भने।

वनस्पतिविद् राजभण्डारी र विदेशी लेखक मार्क एफ वाट्सनको सहकार्यमा प्रकाशित 'रोडोडेन्ड्रन अफ नेपाल' नामक पुस्तकका अनुसार कञ्चनजङ्घा संरक्षण क्षेत्र तथा वरपरका क्षेत्रमा गुराँसका ३३ प्रजाति फेला परेका छन्। नेपालको पूर्वी भेगदेखि सुदूरपश्चिमसम्मका मध्य तथा उच्च पहाडी र हिमाली क्षेत्रमा गुराँस पाइने वनस्पतिविद् राजभण्डारीले जानकारी दिए।

उनका अनुसार देशको कूल वन क्षेत्रमध्ये करिब १० प्रतिशत भूभागमा गुराँस पाइने वन विज्ञको तथ्याङ्कमा उल्लेख छ। नेपालबाहेक चीन, भारत, भुटान, म्यानमार, भियतनाम, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स, उत्तर कोरिया, दक्षिण कोरिया, जापान र अस्ट्रेलियामा गुराइँ बढी पाइने वनस्पतिविद् राजभण्डारीले उल्लेख गरे।

# विजय मल्लसम्बन्धी दुई ग्रन्थ लोकार्पित




**काठमाडौँ।**
वरिष्ठ नाटककार विजय मल्लसँग सम्बन्धित दुई ग्रन्थ शनिबार लोकार्पण गरिएको छ। नइ एकेडेमीद्वारा शनिबार आयोजित कार्यक्रममा वरिष्ठ समालोचक प्रा.डा. वासुदेव त्रिपाठीले डा. साधना पन्त 'प्रतीक्षा'कृत 'नारीवादी नाटककार विजय मल्ल' नामक समालोचनात्मक ग्रन्थ र नरेन्द्रराज प्रसाईंद्वारा लिखित 'विजय मल्ल' नामक जीवनीकृतिको लोकार्पण गरे।

विजय मल्ल शताब्दी महोत्सव समापनका अवसरमा ती कृति विमोचन गरिएको हो। नइ एकेडेमीबाट प्रकाशित ती कृतिबारे प्रा केशव सुवेदीले समीक्षात्मक मन्तव्य व्यक्त गरेका थिए।

समारोहमा ग्रन्थकार डा. साधना पन्त 'प्रतीक्षा' र नरेन्द्रराज प्रसाईंले स्रष्टा विजय मल्लको योगदान र कृतिबारे प्रकाश पारेका थिए।

महोत्वसका क्रममा विजय मल्लका सिर्जनात्मक कृतिको संवद्र्धनमा उल्लेखनीय योगदानका लागि नेपाल तथा भारतका ४५ प्राज्ञ, साहित्यकार, नाट्य र चलचित्रका कर्मीलाई 'विजय मल्ल नइ शताब्दी पुरस्कार' र पदकबाट विभूषित गरिएको थियो। सुविख्यात नाटककार, आख्यानकार तथा कवि मल्लको १९८२ सालमा जन्म भई र २०५६ सालमा निधन भएको थियो। रासस

# स्याफ्रुबेँसी–रसुवागढी सडक तीव्रगतिमा स्तरोन्नति गरिँदै

**ज्ञानेन्द्र न्यौपाने–रासस**
**रसुवा।**
गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबेँसी–रसुवागढी राजमार्गअन्तर्गत स्याफ्रु रसुवागढी खण्डमा तीव्रगतिमा स्तरोन्नति भइरहेको छ।

नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्धलाई अझ सुदृढ बनाउँदै आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समन्वय र सहकार्य बढाउने उद्देश्यले निर्माणाधीन गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबेँसी–रसुवागढी राजमार्गको स्तरोन्नति तीव्रताका साथ अघि बढेको हो।

दुई देशबीचको व्यापार, पर्यटन तथा सीमावर्ती क्षेत्रको विकाससँग प्रत्यक्ष जोडिएको यो सडकलाई नेपाल–चीनबीचको मैत्रीपूर्ण जीवनरेखा मानिएको छ। नेपाल सरकारले चीनसँगको व्यापारिक गतिविधिलाई सरल, सुरक्षित र प्रभावकारी बनाउने लक्ष्यसहित सडक सुधार तथा स्तरोन्नतिको काम अघि बढाए पनि स्याफ्रुबेँसी मैलुङतर्फको सडकले निर्माण प्रक्रियामा अपेक्षित गति लिन भने सकेको छैन।

निर्माणको जिम्मेवारी पाएका केही ठेकेदार कम्पनीले समयमा काम नगर्दा ठेक्का तोड्नुपर्ने अवस्था सिर्जना भएपछि पुनः ठेक्का प्रक्रिया अगाडि बढाउन समय खर्चिनुपरेकाले काममा ढिलाइ भएको सम्बन्धित निकायले जनाएको छ।

धादिङको गल्छीबाट नुवाकोटको देवीघाट, त्रिशूली, ढुङ्गे हुँदै रसुवाको बेत्रावती, मैलुङ, स्याफ्रुबेँसी र रसुवागढी जोड्ने ८० दशमलव चार किलोमिटर सडकमध्ये स्याफ्रुको छोकलबाट मैलुङसम्म नेपाली सेनाले 'ट्र्याक' खोलेको आयोजना कार्यालयले जनाएको छ। हिमाली भौगोलिक कठिनाइका बाबजुद सडकलाई अन्तरराष्ट्रियस्तरको मार्ग बनाउने लक्ष्यका साथ काम अगाडि बढिरहेको गोसाइँकुण्ड गाउँपालिका–२ का वडाध्यक्ष कामीछिरिङ तामाङले उल्लेख गरे।

पछिल्लो समय सडक स्तरोन्नतिअन्तर्गत ट्र्याक अपुग रहेका स्थानमा नयाँ कटिङ, पहिरो जोखिम क्षेत्रमा टेवा पर्खाल निर्माण, पानी निकासका लागि नाली व्यवस्थापन, कालोपत्रे तथा दुई दर्जनभन्दा बढी पक्की पुल निर्माण गर्ने योजना समावेश गरिएको छ।

मैलुङ–स्याफ्रुबेँसी खण्डको १७ किमीमा २०७२ देखि २०७४ सालबीचको अन्तरालमा नेपाली सेनाले ट्र्याक खोलेको थियो भने अन्य स्थानमा पहिले खोलिएका ट्र्याकलाई सुधार गरी आधुनिक सडकको स्वरूप दिन थालिएको आयोजना कार्यालयले जनाएको छ। स्याफ्रुबेँसी, रसुवागढी क्षेत्रको करिब १६ किमी सडक भने चीन सरकारको सहयोगमा करिब १२ वर्षअघि चिनियाँ प्राविधिक टोलीले निर्माण गरेको थियो। उक्त सडकलाई अहिले पुनः चीन सरकारकै सहयोगमा स्तरोन्नति गर्ने काम अघि बढिरहेको छ।

चीन सरकारको सहयोगमा खोलिएको ट्र्याकले नेपाल–चीन व्यापारलाई नयाँ गति दिएको गोसाइँकुण्ड–२ का वडाध्यक्ष तामाङले बताए। सडक निर्माणसँगै आयात–निर्यात सहज बनेको छ भने हिमाली क्षेत्रका बासिन्दाको दैनिक जीवनमा उल्लेखनीय परिवर्तन देखिएको छ।

सडक निर्माणका क्रममा स्याफ्रुबेँसीबाट उत्तरतर्फ विभिन्न खोलामा सात वटा पक्की पुल निर्माण गरिएकाले वर्षा र हिउँदमा धुले र हिलेपहिरो आउने समस्या समाधान भएको बताउँदै उनले सोही कारणले मालवाहक ट्रक तथा कन्टेनर निर्बाध रूपमा सञ्चालन गर्न सम्भव भएको धारणा राखे।

यसअघि डोकोमा बोकेर सामान ढुवानी हुने रसुवागढी नाका अहिले आधुनिक मोटरमार्गमा परिणत भएको छ। भारी मात्रामा मालसामान आयात हुन थालेपछि भरिया पेसा घटे पनि समग्र गाउँ आर्थिक गतिविधिले चलायमान बनेका छन्। रसुवागढी नाकाबाट हुने व्यापारले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याइरहेको जानकारहरू बताउँछन्। भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईका अनुसार वार्षिक ३० अर्ब रुपैयाँ भन्दा बढी राजस्व सङ्कलन हुँदै आएको छ।

भन्सार हाताभित्र दैनिक छ सयभन्दा बढी मजदुरले रोजगारी पाइरहेका जनाउँदै उनले यसले सीमावर्ती क्षेत्रमा रोजगारी सिर्जना गर्नुका साथै स्थानीय अर्थतन्त्रलाई पनि बलियो बनाएको उल्लेख गरे। सडकले सबैभन्दा ठूलो परिवर्तन ल्याएको क्षेत्र हो टिमुरे तथा घट्टेखोला आसपासका गाउँहरू। पहिले दुर्गम मानिने यी बस्ती अहिले व्यापारिक केन्द्रका रूपमा विकास हुँदै गएका छन्।

गोसाइँकुण्ड गाउँपालिका–२ का वडाध्यक्ष तामाङका अनुसार सडक निर्माणपछि टिमुरे क्षेत्रमा जग्गाको मूल्य उल्लेख्य रूपमा बढेको छ। सुक्खा बन्दरगाह क्षेत्रमा परेका जग्गाधनीले उचित मुआब्जा प्राप्त गरेका छन्। 'पहिले फल्याक छाना भएका परम्परागत घरहरू रहेको गाउँ अहिले पक्की दुईदेखि चारतले घरले भरिन थालेका छन्। स्थानीय बासिन्दाको जीवनस्तरमा आएको परिवर्तन स्पष्ट देखिन्छ,' उनले भने।

चीन सरकारको सहयोगमा विद्यालय भवन निर्माण भएपछि बालबालिकाको शिक्षामा पनि सुधार आएको स्थानीय बताउँछन्। स्थानीयले व्यापार–व्यवसाय सञ्चालन गर्दै आर्थिक आत्मनिर्भरता हासिल गर्न थालेका छन्। कतिपयले काठमाडौँमा घरजग्गा खरिद गर्न सफल भएका छन्।

सडक केवल यातायातको माध्यम मात्र नभई टिमुरेवासीको भाग्यसँग जोडिएको विकासको प्रतीक बनेको छ। सीमा परिचयपत्र प्राप्त रसुवावासीलाई केरुङ तथा पाङ्सिङ क्षेत्रमा रोजगारीका अवसर सहज बनेको छ। करिब ४०० भन्दा बढी स्थानीय विभिन्न व्यवसाय र श्रम क्षेत्रमा संलग्न रहेको जानकारी प्राप्त भएको छ।

चीनले ल्हासा–केरुङ–रसुवागढी मार्गलाई अन्तरराष्ट्रिय मार्ग घोषणा गरिसकेकाले भविष्यमा नेपालतर्फ आयात हुने मालसामानको मुख्य प्रवेशद्वार यही नाका बन्ने अपेक्षा गरिएको सरोकार भएका निकायका प्रतिनिधि बताउँछन्। नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्ध सदियौँ पुरानो हो। भृकुटी र श्रङचङ गम्पोबीचको वैवाहिक सम्बन्धपछि व्यापारिक आवागमन सुरु भएको इतिहास स्थानीय ज्येष्ठ नागरिकले सुनाउँछन्।

पहिले ताल्चा, थर्मस, ऊन, जिम्बु जस्ता सामग्री बोकेर ल्याइन्थ्यो भने नेपालबाट कागती, गुन्द्रुक, तरुल र अन्नजन्य वस्तु निर्यात हुने गर्थ्यो। विसं २०७२ मङ्सिर १५ गतेपछि चीनले रसुवागढी नाकाबाट मात्र आयात–निर्यात अनुमति दिएपछि व्यापारिक गतिविधि व्यवस्थित बनेको छ। अहिले आयात धेरै र निर्यात अत्यन्त न्यून रहेको भन्सार अधिकारीहरू बताउँछन्। सीमा क्षेत्रमा अवैध कारोबार नियन्त्रणका लागि दुवै देशका सुरक्षाकर्मी सक्रिय छन्।

रसुवागढी एकीकृत भन्सार कार्यालय भवन निर्माण सुरु भए पनि अझै पूर्ण रूपमा सम्पन्न हुन सकेको छैन। सम्बन्धित निकायको प्रभावकारी निगरानी अभावले निर्माणमा ढिलासुस्ती देखिएको स्थानीयको गुनासो रहेको र बनाउने जिम्मा लिएको ठेकेदार कम्पनी, कामको अनुगमनमा तदारूकता नदेखाउने प्राविधिक उपर कारबाही हुनुपर्ने स्थानीय बासिन्दाले बताएका छन्।

२०८२ असार २४ गते हिमाली क्षेत्रमा बनेको हिमताल फुटेर आएको बाढीले ल्हेन्दे खोलामा ठूलो क्षति पुर्याए पनि चीन सरकारले मितेरी पुल पुनःनिर्माण गरिसकेको छ। बाढीले क्षति पु¥याएको सुक्खा बन्दरगाह पुनःनिर्माणको प्रक्रिया भने अझै सुस्त गतिमा अघि बढिरहेको छ। बाढीअघि करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको जनाइएको छ।

हाल सडक सुधार र मालवाहक सवारी सञ्चालनलाई सन्तुलित रूपमा अगाडि बढाउने अभ्यास भइरहेको आयोजना प्रमुख कृष्णनाथ ओझाले जानकारी दिए। उनका अनुसार मैलुङ–स्याफ्रुबेँसी खण्डमा ठेक्का तोडिएपछि पुनः ठेक्का आह्वान गर्ने प्रक्रिया सुरु गरिएको छ।

चिनियाँ निर्माण कम्पनीले विभिन्न खण्डमा काम विभाजन गरी सडक सुधार कार्य तीव्र बनाउने प्रयास गरिरहेको भए पनि केही स्थानमा ढिलासुस्ती देखिएको स्थानीय जनप्रतिनिधिको भनाइ छ। आयोजना पक्षले उपठेकेदार नभएको दाबी गर्दै कामलाई निर्धारित समयमै सम्पन्न गर्ने लक्ष्य दोहो¥याएको छ। निर्माणको अवधि ३९ महिनाको रहेको जनाउँदै चिनियाँ पक्षले काम अगाडि बढाइरहेका आयोजना प्रमुख ओझाले बताए।

गल्छी–मैलुङ–रसुवागढी मार्गको कुल दूरी करिब ८२ दशमलव चार किलोमिटर रहेको प्राविधिकहरूले बताएका छन्।

# 'पर्यटकीय प्रदेश सरकारको प्राथमिकतामा'

**कैलाली।**
सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिमका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेका क्षेत्रलाई प्राथमिकतामा राखी विकास गरिने बताएका छन्।

शनिबार यहाँ प्रदेश नीति तथा योजना आयोगद्वारा आयोजित प्रदेश सरकार र स्थानीय तहबीचको छलफल तथा अन्तरक्रिया कार्यक्रममा उनले पर्यटकीय सम्भावना बोकेका क्षेत्रको संरक्षण र प्रवद्र्धन गरिने उल्लेख गरे।

उनले यस्ता क्षेत्रको विकासले प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे। मुख्यमन्त्री शाहले प्रदेश सरकारले २५ लाख रुपैयाँ भन्दा कम लागतका योजनामा बजेट विनियोजन नगर्ने तथा प्रदेशका कुनै पनि योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन नगर्ने बताए। प्रदेशको समग्र विकास, सुशासन प्रवद्र्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले यस्तो नीति लिइएको उनले स्पष्ट पारे। उनले प्रदेश सरकार भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति लिएर अघि बढेको प्रसङ्ग उल्लेख गरे।

स्थानीय तहले बजेट निर्माणका क्रममा योजना बैङ्कमार्फत योजना छनोट गर्नुपर्ने र योजना छनोट गर्दा सम्बन्धित क्षेत्रका प्रदेशसभा सदस्यसँग समेत समन्वय तथा छलफल गर्नुपर्नेमा जोड मुख्यमन्त्री शाहले जोड दिए।

कार्यक्रममा योजना कार्यान्वयनका चुनौती, आयोजना छनोटका मापदण्ड, प्रदेश र स्थानीय तहबीचको समन्वय, सामाजिक क्षेत्रको साझेदारी तथा प्रदेश सरकारले कुन क्षेत्रमा लगानी गर्दा समग्र प्रदेश लाभान्वित हुन सक्छ भन्ने विषयमा जिल्लागत समूह छलफल तथा प्रस्तुतीकरण गरिएको थियो।

छलफलमा सहभागी स्थानीय तहका प्रतिनिधिहरूले आयोजनामा लागत सीमा र प्रतिबद्धता पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने, साझा अधिकारका विषयमा सहकार्य र समन्वय अनिवार्य गर्नुपर्ने, राजस्व बाँडफाँड र समानीकरण अनुदानको दायरा बढाउनुपर्ने सुझाव दिएका थिए।

कार्यक्रममा प्रदेशका मन्त्री, प्रदेशसभा सदस्य, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षसहित सदस्य, विभागीय सचिव तथा कर्मचाहरु तथा नौ जिल्लाका पालिकाका प्रतिनिधिसहित प्रशासकीय अधिकृतहरू सहभागिता थियो। रासस

# वीरगंजमा साइबर सुरक्षा तालिमः डिजिटल सचेतनालाई दिगो विकाससँग जोड्ने पहल



**मधेशदृष्टि**
**वीरगंज।**
सूचना तथा सञ्चार प्रविधि दिवस–२०८३ को अवसर पारेर ‘सूचना प्रविधिको विस्तारः दिगो विकासको आधार’ भन्ने मूल नारासहित वीरगंजमा एकदिने साइबर सुरक्षा तालिम तथा कार्यशाला सफलतापूर्वक सम्पन्न गरिएको छ।

कम्प्युटर एशोसिएसन नेपाल (क्यान) महासंघ, पर्सा जिल्ला शाखाको आयोजनामा भएको उक्त कार्यक्रममा पछिल्ला दिनमा बढ्दो साइबर अपराध, अनलाइन ठगी तथा डिजिटल सुरक्षासम्बन्धी जोखिमहरूबारे केन्द्रित रही सहभागीहरूलाई व्यावहारिक प्रशिक्षण दिइएको थियो।

कार्यक्रम क्यान महासंघ पर्साका अध्यक्ष गणेश कुमारको अध्यक्षतामा सम्पन्न भएको थियो।

प्रमुख अतिथिका रूपमा प्रशान्त कुमारको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन प्रतिक्षा अधिकारीले गरेकी थिइन् । कार्यक्रममा सूरज पटेल, रोशनी लामिछाने, प्रविण राज भण्डारी, राजेश थापा, निरञ्जन केशरी र प्रदीप कर्णलगायतको सक्रिय सहभागिता रहेको थियो।

कार्यशालाका वक्ताहरूले इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग तीव्र गतिमा विस्तार भइरहेका बेला साइबर सुरक्षासम्बन्धी ज्ञान र जनचेतना अत्यन्त आवश्यक भएकोमा जोड दिएका थिए । उनीहरूले व्यक्तिगत तथा संस्थागत सूचनाको सुरक्षा सुनिश्चित गर्न आवश्यक सावधानी अपनाउन र अनलाइन गतिविधिमा सधैं सचेत रहन आग्रह गरेका थिए।

कार्यक्रम सफल बनाउन नेपाल डिजिटल एजुकेशन (एन.डि.ई.) र डायनामिक टेक्नोसफ्टले सहकार्य गर्दै सहयोगी संस्थाका रूपमा योगदान दिएका थिए।

# सिर्सिया नदी जोगाउन प्रधानमन्त्रीलाई खुला पत्रः ‘वीरगंजको लाइफलाइन’ संकटमा, तत्काल हस्तक्षेपको माग

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगर तथा आसपासका हजारौँ नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको सिर्सिया नदीको संरक्षण र पुनःस्थापनाका लागि प्रधानमन्त्री बालेन शाहलाई खुला पत्र लेख्दै तत्काल प्रभावकारी पहल गर्न माग गरिएको छ । अभियन्ता ओमप्रकाश सरार्फले सार्वजनिक गरेको उक्त पत्रमा नदीको वर्तमान अवस्था अत्यन्तै चिन्ताजनक रहेको उल्लेख गर्दै प्रदूषण र अतिक्रमण नियन्त्रण नगरे भविष्यमा गम्भीर संकट निम्तिने चेतावनी दिइएको छ।




पत्रमा सिर्सिया नदी अहिले अत्यधिक प्रदूषित अवस्थामा पुगेको उल्लेख गर्दै यसको प्रभाव सीमापार भारतको रक्सौलसम्म पुगेको जनाइएको छ । नदीमार्फत बग्ने प्रदूषणले अन्तर्राष्ट्रिय स्तरमा समेत असर पारिरहेको र यसले नेपाल–भारत सम्बन्धमा नकारात्मक प्रभाव पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ । भारतको संसद तथा सरकारी तहमा समेत यो विषय समय–समयमा उठ्दै आएको पत्रमा उल्लेख गरिएको छ।

कहिल्यै पवित्र र जीवनदायिनी मानिएको सिर्सिया नदी, जसको पानी रक्सौल क्षेत्रमा कुष्ठरोग उपचारमा समेत उपयोगी मानिन्थ्यो, अहिले भने औद्योगिक ढल, रासायनिक फोहोर तथा अव्यवस्थित फोहोर व्यवस्थापनका कारण विषाक्त बन्दै गएको जनाइएको छ । नदी अतिक्रमणका कारण साँघुरिँदै नालामा परिणत हुने अवस्थामा पुगेको उल्लेख गर्दै यसलाई वीरगंजको ‘लाइफलाइन’ भनिए पनि यसको वर्तमान अवस्था अत्यन्त दयनीय रहेको बताइएको छ।

नदीको दूषित पानीका कारण स्थानीय बासिन्दा दुर्गन्ध, स्वास्थ्य समस्या, कृषि उत्पादनमा ह्रास, भूजल प्रदूषण तथा समग्र वातावरणीय संकटबाट प्रभावित भएको पत्रमा जनाइएको छ । विशेषगरी नदी किनारमा बसोबास गर्ने समुदाय सबैभन्दा बढी मारमा परेको उल्लेख गरिएको छ।

अभियन्ता सरार्फले विगत एक दशकभन्दा बढी समयदेखि नागरिक स्तरबाट आन्दोलन, संघर्ष र सत्याग्रह गर्दै आएको उल्लेख गर्दै सरोकारवाला निकायले समस्या समाधानमा गम्भीरता नदेखाएको गुनासो गरेका छन् । कानुनी रूपमा समेत लडाइँ लडिएको भए पनि अपेक्षित सुनुवाइ नभएको उल्लेख गर्दै उनले राज्य संयन्त्रप्रति निराशा व्यक्त गरेका छन्।

यसअघि पनि रास्वपा सभापति रवि लामिछाने गृहमन्त्री रहेका बेला यस्तै मागसहित पत्र पठाइएको तर कुनै ठोस कदम नचालिएको जनाइएको छ । यद्यपि, प्रधानमन्त्री बालेन शाहले अतिक्रमणविरुद्ध थालेको अभियानबाट आफूहरूमा नयाँ आशा जागेको भन्दै यसपटक समस्या समाधान हुने विश्वास व्यक्त गरिएको छ।

पत्रमार्फत प्रधानमन्त्रीसमक्ष सात बुँदे माग अघि सारिएको छ । जसअनुसार उद्योगहरूबाट नदीमा मिसाइने ढल तथा रासायनिक फोहोरमा कडा निगरानी, नदी सफाइ तथा संरक्षणका लागि राष्ट्रिय अभियान सञ्चालन, आधुनिक फोहोर प्रशोधन केन्द्र र ढल व्यवस्थापन प्रणाली निर्माण गर्न माग गरिएको छ । त्यस्तै, प्रदूषण गर्ने उद्योग तथा निकायमाथि कानुनी कारबाही, तीनै तहका सरकारबीच समन्वय गरी दीर्घकालीन योजना निर्माण, नदी किनारको अतिक्रमण हटाई हरियाली प्रवद्र्धन तथा संरक्षण कार्यक्रम सञ्चालन र नदीलाई पर्यटकीय पूर्वाधारका रूपमा विकास गर्न विशेष प्याकेज ल्याउन आग्रह गरिएको छ।

पत्रमा सिर्सिया नदीको संरक्षणलाई केवल वीरगंजको समस्या नभई राष्ट्रिय वातावरण, जनस्वास्थ्य र भावी पुस्ताको भविष्यसँग जोडिएको विषयका रूपमा व्याख्या गरिएको छ। समयमै ठोस कदम चालिएन भने नागरिकस्तरबाट संघर्ष निरन्तर जारी रहने चेतावनी पनि दिइएको छ । अन्त्यमा, सिर्सिया नदीलाई पुनः स्वच्छ, सुन्दर र जीवनदायिनी बनाउन सरकारले तत्काल पहल गर्ने विश्वास व्यक्त गरिएको छ।

# वीरगंजमा विश्व प्रेस स्वतन्त्रता दिवस मनाइयो




**मधेशदृष्टि**
**वीरगंज।**
‘शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रता प्रवद्र्धन’ भन्ने नाराका साथ आइतबार वीरगंजमा विश्व प्रेस स्वतन्त्रता दिवस मनाइएको छ।

नेपाल पत्रकार महासंघ पर्सा शाखाले आयोजना गरेको प्रभातफेरी नगर परिक्रमा गरी घण्टाघरमा पुगेर समापन भएको थियो।

सो अवसरमा बोल्दै महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनालले वर्तमान सरकारले प्रेसमाथि अङ्कुश लगाउने र पत्रकारको स्वतन्त्रता खोस्ने प्रयास गरिरहेको भन्दै आपत्ति जनाए । उनले राज्यको बढ्दो हस्तक्षेपले लोकतन्त्रमाथि नै चुनौती थपेको उल्लेख गरे । महासंघका केन्द्रीय सचिव अशोक तिवारीले बढ्दो दण्डहीनता, सञ्चार गृहको आर्थिक संकट र सरकारी विज्ञापनमा हुने विभेदले प्रेस स्वतन्त्रता थप चुनौतीपूर्ण बन्दै गएकोप्रति चिन्ता व्यक्त गरेका छन्।

# वन अतिक्रमित क्षेत्रमा डोजर

**मधेशदृष्टि**
**वीरगंज।**
डिभिजन वन कार्यालय, पर्साले सखुवाप्रसौनी गाउँपालिका–१ अन्तर्गत कोइलाभार मन्दिरदेखि पश्चिम सखुवनिया गाउँँनजीकको वन अतिक्रमित क्षेत्रमा डोजर चलाएको छ।

सबडिभिजन वन कार्यालय बडनिहारका वन अधिकृत उज्ज्वल यादवका अनुसार राष्ट्रिय वन र नम्बरी जग्गाबीचको सीमाङ्कन स्पष्ट पार्दै करीब १७ बिघा अतिक्रमित क्षेत्र खाली गराउने कार्य सम्पन्न गरिएको हो।

मुक्त गरिएका क्षेत्रमा सीमाङ्कनका लागि ट्रेन्च खनिएको वन अधिकृत यादवले आइतवार रेडियो वीरगंजलाई जानकारी गराएका छन्।

अतिक्रमण मुक्त गरिएको क्षेत्रमा छिट्टै तारवार गरी वृक्षारोपण गर्ने तयारीसमेत रहेको छ । विन्ध्यवासिनी कोइलाभार साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष रिजवान अन्सारीले वन अतिक्रमित क्षेत्र खाली गराउने अभियान निरन्तर चल्ने बताए । अभियानका क्रममा वन कर्मचारी, साझेदारी वन उपभोक्ता समितिका प्रतिनिधि, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहभागीता थियो।

यस अघि सबडिभिजन वन कार्यालय, मनवाले अतिक्रमित संरचना हटाउन एक दिनको समयसीमा दिंदै सूचना जारी गरेको थियो।

# यस वर्ष पनि रोकिएन पुस्तकमा कमिशन




**मधेशद्दष्टि**
**वीरगंज ।**
वीरगंजका निजी विद्यालयहरुले पुस्तकमा लिने कमिशनको प्रचलन यस वर्ष पनि निरन्तरता दिएका छन् । सरकारले हरेक वर्ष पुस्तक परिवर्तन नगर्न निर्देशन दिए पनि यहाँका अधिकांश निजी विद्यालयहरुले त्यसको पालना नगरेको पाइएको छ ।

वीरगंजका नाम चलेका विद्यालयहरुसहित अधिकांशले नर्सरीदेखि कक्षा १० सम्मका पुस्तकहरू परिवर्तन गरेका छन् । पुस्तक व्यवसायीहरूका अनुसार विद्यालयहरुले कमिशनको लोभमा हरेक वर्ष नयाँ पुस्तक लागू गर्ने गरेका छन् । अभिभावकका अनुसार वीरगंजका प्रतिष्ठित विद्यालयहरुले यस वर्ष पनि पुस्तक परिवर्तन गरेका छन् ।

ती विद्यालयहरुले सिधै प्रकाशन संस्थासँग सम्झौता गरेर पुस्तक लागू गर्ने गरेका छन् । शिक्षा क्षेत्रका जानकारहरुका अनुसारे विद्यालयले पुस्तकको गुणस्तरभन्दा पनि बढी कमिशन दिने प्रकाशनका पुस्तकलाई प्राथमिकता दिने गरेका छन् । यसले विद्यार्थीको शैक्षिक गुणस्तरभन्दा आर्थिक स्वार्थलाई प्राथमिकता दिएको देखिएको छ ।

# पुनम यादव ‘नेकपा’ त्यागिन्

**मधेशदृष्टि**
**रौतहट।**
गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट उम्मेवार बनेकी रौतहट–३ की उम्मेदवार पुनम यादवले पार्टी त्याग गरेकी छन् । निर्वाचनमा पार्टीभित्रकै नेताहरूले विश्वासघात गरेको भन्दै उनले पार्टी त्याग गरेको बताएकी छन्।

यो निर्वाचन क्षेत्रमा रास्वपाका रवीन्द्र पटेल निर्वाचित भएका थिए। यादव पाँचौँ स्थानमा थिइन् । ‘मलाई पार्टीकै मान्छेहरूले पनि मत दिएनन् । पार्टीबाट अन्तर्घात भयो,’ उनले भनिन्, ‘त्यसैले मैले पार्टी त्याग गरेको हो । केही दिन स्वतन्त्र भएर काम गर्नें हो । जनताको सेवा गर्न पार्टी चाहिँदैन ।’ उनले १० वर्षदेखि माओवादी हुँदै नेकपामा कार्यरत भए पनि उचित पद नदिएको बताएकी छन्।

‘म १० वर्षदेखि माओवादी हुँदै नेकपामा काम गरेको थिएँ तर कुनै पदमा थिइन’ उनले भनिन्, ‘म स्वतन्त्र रुपमा बसेर जनतालाई सेवा गर्ने हो। पार्टीमा लाग्दा अनेक ट्र्याग लाग्यो।’ उनले १० वर्षसम्म काम गरेको पार्टी छोड्दा दुःख लागे पनि अब नयाँ तरिकालेले सेवा गर्ने बताइन्। ‘अब पार्टीसँग मेरो कुनै सम्बन्ध छैन,’ उनले भनिन्, ‘समाज सेवाबाट पनि राजनीति गर्न सकिन्छ,’ उनले भनिन्।

# धनुषामा विश्व प्रेस स्वतन्त्रता दिवस मनाइयो प्रभातफेरीदेखि अन्तरक्रियासम्म कार्यक्रम

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
नेपाल पत्रकार महासंघ धनुषाले आइतबार विभिन्न कार्यक्रमको आयोजना गर्दै विश्व प्रेस स्वतन्त्रता दिवस मनाएको छ ।




“शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवद्र्धन” भन्ने नारासहित दिवस मनाइएको हो । दिवसको अवसरमा महासंघले जनकपुरधाम नगर क्षेत्रमा प्रभातफेरी आयोजना गरेको थियो । सञ्चारकर्मीहरूको सहभागितामा सम्पन्न पदयात्राले प्रेस स्वतन्त्रताको महत्वबारे जनचेतना फैलाउने उद्देश्य राखेको आयोजकले जनाएको छ । प्रभातफेरीपछि आयोजित अन्तरक्रिया कार्यक्रममा ‘प्रेस स्वतन्त्रता र वर्तमान पत्रकारिताको अवस्था’ विषयमा छलफल गरिएको थियो । कार्यक्रममा वक्ताहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संवैधानिक अधिकार भएको उल्लेख गर्दै यसलाई कुण्ठित गर्ने कुनै पनि प्रयास स्वीकार्य नहुने धारणा राखे । उनीहरूले लोकतन्त्र सुदृढीकरणका लागि स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेकोमा जोड दिएका थिए ।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका प्रमुख बुद्धनारायण सहनी, महासंघ मधेश प्रदेशका महासचिव शैलेन्द्र महतो तथा महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत लगायतले आ–आफ्ना धारणा राखेका थिए । वक्ताहरूले लोकतान्त्रिक मूल्य र जनअधिकारको संरक्षणका लागि प्रेस स्वतन्त्रताको संरक्षण अपरिहार्य रहेकोमा जोड दिएका थिए ।

# १२५ विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको सोनीगामास्थित एक विद्यालयमा १२५ जना विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण गरिएको छ। विद्यालयका संस्थापक तथा समाजसेवी गंगाराम आनन्द यादवको पहलमा विद्यार्थीहरूलाई सहयोग प्रदान गरिएको हो।



वालविकास कक्षादेखि कक्षा ४ सम्म अध्ययनरत विद्यार्थीहरूलाई कापी, कलम , तथा खाजा सामग्रीसहित छात्रवृत्ति वितरण गरिएको विद्यालयले जनाएको छ । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रभु महराको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा स्थानीय अभिभावक, शिक्षक तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो।

सहभागीहरूले विद्यालयमा विद्यार्थी संख्या बढ्दै गए पनि आवश्यक कक्षाकोठाको अभाव रहेको बताएका छन् । साथै विद्यालयमा भवन तथा पूर्वाधार विकासको आवश्यकता रहेको उनीहरूको भनाइ थियो।

त्यस्तै, विद्यालयले अझै पनि पर्याप्त भौतिक संरचना नपाएको र डेरिवाल तथा अन्य आधारभूत सुविधा अभावमा पठन–पाठन सञ्चालन भइरहेको जानकारी दिइएको छ।

यस विषयमा स्थानीय तह, प्रदेश तथा सम्बन्धित निकायबाट सहयोग आवश्यक रहेको विद्यालय प्रशासनले जनाएको छ।

# आगलागीबाट तीनवटा घर पूर्ण रुपमा जलेर नष्ट

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पटेर्वा सुगौली गाउँपालिका वडा न. १ गदियानी टोलमा गएराति आगलागी हुँदा तीन वटा फुसका घर पूर्ण रूपमा जलेर नष्ट भएका छन्।

आगलागीबाट मोस्तकीम मिया, सफरोदीन अन्सारी र जैनोदिन अन्सारीको घरसहित नगद, लत्ताकपडा, खाद्यान्न, एउटा भैंसी र एक मोटरसाइकल जलेर नष्ट भएको छ।

प्रारम्भिक अनुमानअनुसार घटनाबाट करिब पाँच लाख रुपैयाँ बराबरको क्षति भएको स्थानीयले बताएका छन्।

सखुवा प्रसौनी गाउँपालिकाको दमकल, सुरक्षाकर्मी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ। समयमै आगो नियन्त्रणमा लिइएकाले थप घरमा आगो फैलिनबाट जोगिएको छ।

आगलागी पीडित परिवार अहिले घरबारविहीन बनेका छन् र तत्काल राहत, अस्थायी आवास तथा आवश्यक सहयोगको माग गरिएको छ।

सम्पादकीय

# नेकपा एमालेमा अर्ली इलेक्सन र नेतृत्व परिवर्तनको बहस

नेपालको प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) यतिबेला आन्तरिक किचलो र नेतृत्व परिवर्तनको चर्को बहसले तातेको छ। विशेषगरी, पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमाथि प्रश्न उठाउँदै केन्द्रीय सदस्यसहितका युवा नेताहरूले 'अर्ली इलेक्सन' अर्थात् विशेष महाधिवेशनको मागलाई जोडदार रूपमा उठाएका छन् । सार्वजनिक कार्यक्रम र भेलाहरूमा समेत यो विषयले प्राथमिकता पाउन थालेको छ, जसले पार्टीभित्रको असन्तुष्टि र भावी दिशाबारे गम्भीर प्रश्न खडा गरेको छ।

पार्टीभित्र अर्ली इलेक्सन र नेतृत्व परिवर्तनको माग बढ्नुका पछाडि केही ठोस कारणहरू देखिन्छन् । पछिल्लो निर्वाचनमा पार्टीले बेहोरेको पराजयलाई मुख्य कारकका रूपमा लिइएको छ। युवा नेताहरूले नेतृत्वको कमजोरीका कारण हार बेहोर्नुपरेको भन्दै पार्टीमा 'पुनर्जागरण' र 'पुस्ता हस्तान्तरण' को आवश्यकता औंल्याएका छन् । झाँपट रावल, नरेश रोकाया, र समिक बादलजस्ता केन्द्रीय सदस्यहरूले आयोजना गरेको 'पुनर्जागरण भेला' ले यस बहसलाई थप बल पु¥याएको छ । उनीहरूले पार्टीको रूपान्तरण र नेतृत्व हस्तान्तरण अपरिहार्य रहेकोमा जोड दिएका छन्।

यस बहसका सन्दर्भमा अध्यक्ष केपी शर्मा ओलीको भूमिका र पार्टीको आधिकारिक धारणा पनि महत्त्वपूर्ण छ। ओलीले सार्वजनिक बहसलाई स्वागत गरेको देखिए पनि, नेतृत्व परिवर्तनको मागलाई कसरी सम्बोधन गर्छन् भन्ने स्पष्ट भइसकेको छैन। पार्टीको विधानअनुसार दुई तिहाइ जिल्ला कमिटी वा बहुमत प्रतिनिधिले विशेष महाधिवेशन माग गर्न सक्ने व्यवस्था छ। यसै प्रावधानलाई टेकेर युवा नेताहरूले हस्ताक्षर अभियानसमेत चलाएका छन्, जसले ओलीमाथि दबाब बढाएको छ।

अर्ली इलेक्सन वा विशेष महाधिवेशनको मागले नेकपा एमालेको आन्तरिक संरचना र भविष्यमा दूरगामी प्रभाव पार्न सक्छ।

यदि यो माग पूरा भएमा पार्टीभित्र नयाँ नेतृत्वको उदय हुन सक्ने सम्भावना रहन्छ, जसले पार्टीको नीति र कार्यदिशामा समेत परिवर्तन ल्याउन सक्छ। यसले राष्ट्रिय राजनीतिमा पनि नयाँ समीकरण र ध्रुवीकरणको अवस्था सिर्जना गर्न सक्ने देखिन्छ । यद्यपि, नेतृत्व परिवर्तनको प्रक्रिया सहज नहुने र यसले पार्टीभित्र थप ध्रुवीकरण ल्याउन सक्ने चुनौती पनि उत्तिकै छ।

अन्त्यमा, नेकपा एमालेभित्रको यो बहस केवल नेतृत्व परिवर्तनको माग मात्र नभई पार्टीको वैचारिक र सांगठनिक पुनर्संरचनाको आवश्यकतासँग पनि जोडिएको छ। युवा नेताहरूको सक्रियताले पार्टीलाई गतिशील बनाउन र जनअपेक्षाअनुसार अगाडि बढाउन मद्दत पुऱ्याउन सक्छ। तर, यसका लागि नेतृत्वले असन्तुष्टिलाई सम्बोधन गर्दै पार्टीलाई एकताबद्ध राख्न सक्नुपर्छ । एमालेको यो आन्तरिक द्वन्द्वले नेपाली राजनीतिको भविष्यमा कस्तो प्रभाव पार्छ, त्यो भने हेर्न बाँकी नै छ।

# कम्युनिस्ट आन्दोलन पुनर्जीवनको मार्गचित्र



–आनन्दप्रसाद पोखरेल

नेपालको वामपन्थी राजनीति आज एउटा निर्णायक मोडमा उभिएको छ। कुनै समय सिंगो राजनीतिक धारको नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी अहिले चुनौती, आलोचना र अविश्वासको घेरामा छ तर इतिहासले देखाएको एउटा स्पष्ट सत्य के हो भने आन्दोलनहरू केवल नारा र भावनाले होइन, विचार, संगठन र जनविश्वासको ठोस आधारमा चल्नुपर्छ । त्यसैले कम्युस्ट आन्दोलनको पुनर्जीवन सम्भव छ। यो केवल भावनात्मक आवेगबाट होइन, स्पष्ट रणनीति र दीर्घकालीन दृष्टिकोणबाट मात्र सम्भव हुनेछ ।

नेकपा (एमाले) का लागि पुनर्जीवनको मूल आधार विचार (माक्र्सवाद र जनताको बहुदलीय जनवाद–जबज), सुदृढ संगठन र जनविश्वासको पुनर्निर्माण हो । आजको आवश्यकता विगतका उपलब्धि गन्नु मात्र होइन, वर्तमानको यथार्थलाई स्वीकार गर्दै भविष्यको मार्गचित्र तयार गर्नु हो ।

**पुनर्जीवनको अनिवार्य सर्तः आत्मसमीक्षा र रूपान्तरण**

कुनै पनि राजनीतिक शक्ति कमजोर बन्छ भने त्यसका पछाडि बाह्य मात्र होइन, आन्तरिक कारणहरू पनि जिम्मेवार हुन्छन् । सत्तामा रहँदा देखिएको अहंकार, भ्रष्टाचारप्रति देखिएको नरमपन र जनतासँगको बढ्दो दूरी–यी सबै प्रश्नहरूलाई पन्छाएर होइन, स्वीकार गरेर मात्र अगाडि बढ्न सकिन्छ । 'गल्ती स्वीकार्नु कमजोरी होइन, शक्ति हो' भन्ने संस्कारको विकास नगरी पुनर्जीवनको यात्रा सुरु हुन सक्दैन । त्यसैगरी, विचारको पुनःपरिभाषा अपरिहार्य छ। 'जबज' ले नेपाली समाजलाई लोकतान्त्रिक अभ्यासमा जोड्न ऐतिहासिक भूमिका खेल्यो । तर आजको विश्व डिजिटल, वैश्विक र जटिल बनिसकेको छ । वैदेशिक रोजगारी, युवा पलायन, जलवायु संकट र प्रविधिमा आधारित अर्थतन्त्रको नयाँ यथार्थलाई सम्बोधन नगर्ने विचार, जति नै गौरवशाली भए पनि अप्रासंगिक बन्न सक्छ । त्यसैले विचारलाई जतन गर्ने मात्र होइन, विकास गर्ने समय आएको छ।

**कम्युनिस्ट आन्दोलन पुनर्जीवनका चरणहरू**

पुनर्जीवन भन्नाले विगतका कमजोरी, विभाजन, विचलन र जनसम्पर्कमा आएको ह्रासलाई सच्याएर आन्दोलनलाई नयाँ ऊर्जा, स्पष्ट दिशा र जनआधारसहित अगाडि बढाउने प्रक्रिया बुझिन्छ । यसका मुख्य चरणहरू यसरी प्रस्तुत गर्न सकिन्छः

**पहिलो चरण (१ वर्ष): आधार सुदृढीकरण**

पुनर्जीवनको पहिलो चरण आत्मआलोचना, विचारको अद्यावधिक र संगठनको शुद्धीकरण हो। पार्टीले सार्वजनिक रूपमा आफ्ना कमजोरीहरूको समीक्षा गर्नुपर्छ । यसले तत्कालका लागि आलोचना निम्त्याउन सक्छ, तर दीर्घकालीन रूपमा विश्वास निर्माण गर्छ।

संगठनतर्फ गुटबन्दी र अवसरवाद सबैभन्दा ठूला चुनौती हुन् । विचारभन्दा व्यक्तिपूजा हाबी हुँदा संगठन कमजोर हुन्छ । त्यसैले संस्थागत निर्णय प्रणालीलाई बलियो बनाउनुपर्छ । निष्क्रिय संरचनालाई हटाएर स्थानीय तहसम्म सक्रिय र उत्तरदायी संगठन निर्माण गर्नुपर्छ।

**दोस्रो चरण (२–३ वर्ष): विस्तार र विश्वास पुनर्निर्माण**

जनताको विश्वास भाषणले होइन, अनुभूतिले फर्किन्छ। त्यसैले पार्टीले 'घरदैलो' कार्यक्रमलाई केवल औपचारिकतामा सीमित नगरी समस्या समाधान केन्द्रित राजनीतिमा रूपान्तरण गर्नुपर्छ । किसानको उत्पादन, युवाको रोजगारी, शिक्षाको गुणस्तर र स्वास्थ्य सेवाको पहुँचजस्ता दैनिक जीवनसँग जोडिएका मुद्दामा प्रत्यक्ष काम गर्नुपर्छ।

विशेषगरी युवा पुस्तासँगको दूरी खतरनाक रूपमा बढ्दो छ। आजको 'जेन–जी' पुस्ता परम्परागत भाषणभन्दा अवसर, पारदर्शिता र परिणाम खोज्छ । डिजिटल प्लेटफर्ममा प्रभावकारी उपस्थिति, स्टार्टअप र प्रविधिमा आधारित रोजगारीका योजना र नेतृत्वमा युवाको अर्थपूर्ण सहभागिताविना भविष्यको राजनीति सम्भव छैन।

साथै, सुशासनको सवालमा कुनै सम्झौता हुनुहुँदैन । 'शून्य सहनशीलता' को नीति केवल नारामा मात्र होइन, व्यवहारमा देखिनुपर्छ । नेताको जीवनशैलीदेखि निर्णय प्रक्रियासम्म पारदर्शिता कायम गर्नुपर्छ । आर्थिक दृष्टिकोणमा पनि स्पष्टता आवश्यक छ। आयातमा आधारित उपभोगमुखी अर्थतन्त्रबाट उत्पादनमुखी मोडेलतर्फ जानु अनिवार्य छ।

**तेस्रो चरण (३–५ वर्ष): नेतृत्व पुनःस्थापना**

यदि पहिलो दुई चरण प्रभावकारी रूपमा कार्यान्वयन भए भने, तेस्रो चरणमा पार्टी पुनः राष्ट्रिय एजेन्डा तय गर्ने अवस्थामा पुग्न सक्छ। राजनीति केवल प्रतिक्रियात्मक होइन, अग्रगामी हुनुपर्छ । शिक्षा सुधार, स्वास्थ्य सुरक्षा, ऊर्जा विकास र पूर्वाधार विस्तारका क्षेत्रमा स्पष्ट र कार्यान्वयनयोग्य नीति ल्याउन सक्नुपर्छ।

नेतृत्वको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ । पुरानो अनुभव र नयाँ ऊर्जाबीच सन्तुलन कायम नगरी दीर्घकालीन स्थायित्व सम्भव छैन। नयाँ पुस्तालाई नेतृत्वमा ल्याउँदै अनुभवलाई मार्गदर्शक शक्तिका रूपमा उपयोग गर्नुपर्छ । चुनावी रणनीतिमा पनि परिवर्तन आवश्यक छ । परम्परागत शैलीभन्दा तथ्याङ्कमा आधारित, स्थानीय मुद्दाकेन्द्रित र लक्षित अभियानहरू बढी प्रभावकारी हुन्छन्। अन्तर्राष्ट्रिय स्तरमा पनि सन्तुलित र स्पष्ट दृष्टिकोण आवश्यक छ । नेपालको सार्वभौमसत्ता, विकास र स्थिरतालाई केन्द्रमा राख्दै कूटनीतिक सम्बन्ध सन्तुलित ढङ्गले सञ्चालन गर्नुपर्छ।

**चुनौतीहरूः यथार्थको सामना**

अहिलेको प्रमुख चुनौती विचार, संगठन र जनविश्वासमा आएको ह्रास नै हो । यसलाई भाषणले होइन, कामले मात्र फर्काउन सकिन्छ। दोस्रो चुनौती, आन्तरिक विभाजन र गुटबन्दी हो, जसले संगठनको शक्ति क्षीण बनाउँछ। तेस्रो, नयाँ राजनीतिक शक्तिहरूको उदय हो, जसले परम्परागत दलहरूलाई चुनौती दिइरहेका छन्। चौथो, युवा पुस्ताको राजनीतिप्रतिको वितृष्णा हो । यी चुनौतीहरूलाई इन्कार गरेर होइन, स्वीकार गरेर मात्र समाधान खोज्न सकिन्छ।

**पुनर्निर्माणको साहस**

केही माक्र्सवाद र जबज विरोधीहरूले कम्युनिस्ट आन्दोलन समाप्त भयो भनेर प्रचार गरिरहेका छन्। थाकेका वामपन्थी भनिनेहरू पनि निराशा र भविष्य देख्न नसकेका कारण आन्दोलन समाप्त भएको निष्कर्ष निकाल्दै छन् । यो सबै गलत चिन्तनको उपज हो। हो, आन्दोलनले धक्का खाएको छ र संकटमा छ भन्ने कुरा अस्वीकार गर्न सकिँदैन । तर आन्दोलन समाप्त हुँदैन, यसलाई पुनर्जीवन दिनुपर्छ। अहिलेको नीति र नेतृत्वको सामयिक परिवर्तनले नै आन्दोलनको रक्षा गर्नेछ।

यदि एमालेले विचारलाई समयअनुकूल बनायो, संगठनलाई इमानदार र अनुशासित बनायो र जनतासँगको प्रत्यक्ष सम्बन्ध पुनःस्थापित ग¥यो भने आगामी ५ वर्षमा पुनः प्रमुख राजनीतिक शक्तिको रूपमा उभिन सक्ने सम्भावना प्रबल छ।

यदि आत्मसमीक्षा गर्न हिचकिचाइयो, सुधारमा ढिलाइ गरियो र पुरानै शैलीमा राजनीति गरियो भने इतिहासको गौरव मात्र स्मरण गर्ने अवस्था आउन सक्छ । अन्ततः पुनर्जीवनको प्रश्न कुनै चमत्कार होइन, यो त इच्छाशक्ति, स्पष्टता र निरन्तर कर्मको प्रतिफल हो । यसैबाट कम्युनिष्ट आन्दोलनले पुनर्जीवन प्राप्त गर्नेछ।

# एमालेमा पुनर्जागरण र रूपान्तरणको अपरिहार्यता



ई. गजेन्द्र थपलिया

**ऐतिहासिक पृष्ठभूमि**

नेपाल कम्युनिस्ट पार्टीको स्थापना २००६ सालमा भएपश्चात् त्यसको निरन्तरतास्वरूप बनेको नेकपा (एमाले) ले संसदीय राजनीतिमा 'जनताको बहुदलीय जनवाद' को सिद्धान्तअनुसार अभ्यास गर्दै आएको ऐतिहासिक परम्परा छ।

राणा शासन कालमा २००६ सालमा पुष्पलालसहित ५ जनाले स्थापना गरेको पार्टीले २००७ सालमा प्रजातन्त्रको प्राप्ति २०१५ सालको निर्वाचन र पञ्चायती व्यवसालको कालरात्री भोग्दै २०४६ को जनआन्दोलनपश्चातको बहुदलीय व्यवस्था र २०६२÷०६३ को जनआन्दोलन र त्यसपछाडिको गणतान्त्रिक व्यवस्थामा विभिन्न उतारचढाव बेहोर्दै हालको अवस्थामा आइपुगेको छ।

विभिन्न उतारचढाव बेहोर्दै अगाडि बढेको एमालेले ११ औं राष्ट्रिय महाधिवेशन सम्पन्न गरिसकेको छ । बहुदलीय व्यवस्थापश्चात् विभिन्न समयमा एमालेको तर्फबाट सरकार प्रमुखका रुपमा देशको प्रधानमन्त्री भएर ४ जनाले नेतृत्व गरिसक्नुभएको छ । कम्युनिस्ट पार्टीको नाममा २०१५ सालमा चुनावमा होमिएको पार्टीले २०४३ साल जनपक्षीय उम्मेदवारको रुपमा जनताको मत लिएको थियो । बहुदलीय व्यवस्थापछि २०४८ सालमा भएको निर्वाचनबाट नेकपा (एमाले) को नामबाट जनतामाझ पुग्न थालेको यो पार्टीले हालसम्म लगातार ८ पटकसम्म जनतामाझ पुगेको मात्रै छैन स्थापित समेत भइसकेको छ।

**वर्तमान अवस्था**

२०८२ साल भदौ २०–२२ मा सम्पन्न नेकपा (एमाले) को दोस्रो विधान महाधिवेशनकै भोलिपल्ट भदौ २३ र २४ मा जेनजी विद्रोहको नाउँमा भएको नवयुवाहरुको विद्रोहको कारण एमाले नेतृत्वको सरकार बहिर्गमन हुनुपर्ने परिस्थिति बन्यो। अन्तरिम सरकारले ०८२ फागुन २१ गते निर्वाचन सम्पन्न गरेर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरेको छ। यसै अवधिमा २०८२ मंसिर २७ देखि पुस २ सम्म नेकपा (एमाले) को ११ औँ राष्ट्रिय महाधिवेशन सम्पन्न भयो। जसबाट केपी शर्मा ओलीको नेतृत्वमा १९ सदस्य पदाधिकारीसहित ३०१ सदस्य केन्द्रीय कमिटी निर्वाचित भएको छ।

नयाँ नेतृत्वसहित फागुन २१ को चुनावमा होमिदा पार्टी इतिहासकै सबैभन्दा कमजोर सावित भएको छ । जनताले मौनतापूर्वक विद्रोह गरी नेकपा (एमाले) को विपक्षमा मतदान गरेकोबाट जनता बीचमा पार्टीको लोकप्रियता घटेको कुरा स्वीकार्नु पर्दछ । निर्वाचनको अन्तिम परिणाम आएर समीक्षा चरणमा नपुग्दै पार्टी अध्यक्ष केपी शर्मा ओलीको बुबाको दुःखदायी निधन हुनु, त्यसलगत्तै नयाँ सरकारले उहाँलाई पूर्वाग्रहपूर्ण तरिकाले गिरफ्तार गरी हिरासतमा लिनु र प्रमाण नपुगेपछि अदालतको आदेशबमोजिम रिहा गर्न बाध्य हुनु यी र यस्ता घटना यसबीचमा भए।

त्यतिमात्र होइन यही समयमा अध्यक्षको स्वास्थ्यमा समस्या देखियो । पत्थरीको शल्यक्रिया गरी हाल उहाँ घरमै आराम गरिरहनुभएको छ। जसकारण हाल पार्टीको औपचारिक बैठक बसी काम अगाडि बढाउन कठिनाइ भइरहेको छ।

**एमालेमा रूपान्तरण**

बाहिर हेर्दा शान्त देखिने तर जनताको मनबाट नेकपा (एमाले) टाढा पुगिसकेको महसुस आम नेता कार्यकर्ताले गरिसकेका छन्। संसदीय राजनीतिमा २०४८ सालदेखि २०७९ सम्म स्थापित भइसकेको पार्टी गत फागुनमा सम्पन्न निर्वाचनबाट अत्यन्तै कमजोर भएको छ। लज्जास्पद नतिजा हात परेको छ।

प्रत्यक्षतर्फको १६५ सिटमा ९ अर्थात् (५.४५%) र समानुपातिकमा १३.४३% मात्र मत प्राप्त गर्नु नेकपा (एमाले) को अहिलेको समग्र कमिटी प्रणाली र नेतृत्वप्रति नै जनताको अविश्वास प्रकट गरेको अवस्था छ । राजधानी (काठमाडौँ उपत्यका) का १५ निर्वाचन क्षेत्रमध्ये ११ क्षेत्रमा नेकपा (एमाले) का उम्मेदवारको जमानत जफत हुनु र मधेश, बागमती र गण्डकी प्रदेशमा शून्य सिट प्राप्त हुनुले गम्भीर परिस्थिति सिर्जना भएको अवस्थाको उजागर गर्दछ।

एमालेका अधिकांश चर्चित नेताहरु भारी मतान्तरले जनताको मतबाट पराजित हुनुपरेकोमा यस अवस्थाको कारणले जनताको भावनाअनुसार पार्टी नचलेको प्रमाणित गर्दछ । यस्तो अवस्था आउनुको पछाडि विगतको वस्तुनिष्ठसहित निर्मम समीक्षा र एमालेको आगामी बाटो तय गर्न पार्टीको वैधानिक विधिबाट नै सम्भव छ भन्ने ठम्याइरहेको छ।

जनतामा एमालेको नेता कार्यकर्ताप्रति पुनर्जागरण गरी विश्वास जगाउनु र दिलाउनुपर्ने अवस्था छ। त्यसैले इतिहासको संघीन घडीमा उभिएर यस अवस्थामा एमाले पार्टीमार्फत् देश र जनताको हितमा काम गर्न अझ धेरै सशक्त भएर जनताको मन र मस्तिष्कमा बस्नका लागि पार्टी हरेक पक्षमा रुपान्तरित भएर आयो भन्ने जनतामा सन्देश दिनुको विकल्प छैन।

यसका लागि पार्टीभित्रका युवाहरुबाट अभियानको थालनी भएको छ । अभियान कुनै व्यक्तिको पक्षमा या विपक्षमा नभई समग्र एमालेको पक्षमा हो भन्ने बुझ्न ढिलाइ गरिनु हुँदैन । यो कुनै गुट उपगुटभन्दा माथि उठेर एकताबद्ध, सशक्त, जनतातर्फ र जराउन्मुख एमाले बनाउने अभियान हो । यस अभियानले पार्टीविरुद्ध जाने, फुटाउने, टुक्राउने, नयाँ पार्टी गठन गर्ने, आन्तरिक रुपान्तरण नभएसम्म एकता गर्नेजस्ता विषयमा प्रवेश हुँदैन भन्ने प्रकाश पारेको छ।

सबै नेता, कार्यकर्ता, सदस्य, मतदाता, सहयोगी, शुभेच्छुक तथा शुभचिन्तकहरूले आफ्नो विवेक प्रयोग गरी तथ्य र तथ्याङ्कमा आधारित यथार्थ सूचना तथा विश्लेषणका आधारमा, कसैको दबाब वा प्रभावमा नपरी, आग्रह–पूर्वाग्रहभन्दा माथि उठेर एमालेको हितमा काम गर्ने निष्कर्षमा पुग्नसक्नु नै यस अभियानको सार्थक लक्ष्य रहेको छ।

**एमालेमा पुनरसंरचना**

नेकपा (एमाले) हालको अवस्थामा सामान्य हेरफेर र टालटुलको नीति लिएर गएमा आगामी स्थानीय र प्रदेश सभा निर्वाचनमा अहिले भन्दा ठूलो धक्का बेहोर्नुपर्ने अवस्था सिर्जना हुन्छ। हाल जनताले मत परिवर्तन गरे पनि मन परिवर्तन गरेका छैनन्।

जनताले एमाले सुधारिएर रुपान्तरित भएर आओस् भनेर चेतावनी मात्रै दिएका छन्, यसलाई नजरअन्दाज गरियो भने सदाका लागि कम्युनिस्ट आन्दोलन र एमालेलाई धेरै महँगो पर्ने दिन आउन सक्छ। त्यसैले अहिले नै समय छँदै ध्यान दिनुपर्ने हुन्छ।

तल उल्लेख गरिएका विभिन्न पक्षमा पुनरसंरचना हुनुपर्ने देखिन्छ।

आचरण

–नेता कार्यकर्ताहरूले कम्युनिस्ट आचरण प्रदर्शन गरी, भड्किलो व्यवहार परिवर्तन गर्नुपर्ने।

–नैतिक आचरणमा प्रश्न उठेको व्यक्तित्वहरूलाई कुनै पनि जिम्मेवारीमा राख्न नहुने।

–साधा जीवन र कम्युनिस्ट आचरण भएका नेतृत्वहरूलाई हेप्नुको सट्टा सम्मान व्यक्त गर्ने वातावरण बनाउनुपर्ने।

**व्यवहार**

–पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरूको व्यवहारमा सुधार गर्नुपर्ने।

–आर्थिक व्यवहारमा जुनसुकै ठाउँमा प्रश्न उठेको भए पनि कमिटीको जिम्मेवारीबाट अलग गरी छानबिनलाई सहयोग गर्नुपर्ने।

–पार्टीको काम कम गर्ने नेतृत्वको वरिपरि घुम्नेलाई जिम्मेवारी दिने प्रवृत्ति अन्त्य गर्नुपर्ने।

– नेता कार्यकर्ता र जनताको सम्बन्ध टाढिएको छ यसलाई जोडेर जानुपर्ने।

– कार्यकर्ता सन्तुष्ट पनि छैनन् बोल्न पनि चाहँदैनन्। यसको कारण पत्ता लगाई निदान गर्नुपर्ने।

– शक्तिमा हुँदा नसुन्ने संकटमा हुँदा बोल्न नहुने पार्टी कहिले सुधार्ने र रुपान्तरण गर्ने।

– आफूलाई सहयोग गरे खराब पनि असल सहयोग नगरे असल पनि खराब नजरले देख्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने।

– व्यक्ति होइन पार्टी बनाउने अभियानमा लाग्नुपर्ने।

– एमालेलाई वामपन्थी मूल चरित्रमा फर्काउने प्रतिबद्धता गर्नुपर्ने र व्यवहारमा उतार्नुपर्ने।

**कार्यशैली**

– नेता तथा कार्यकर्ताको कार्यशैलीमा परिवर्तन गर्नुपर्ने।

– भड्किलो खर्च गर्ने नेता कार्यकर्ताको वैधानिक स्रोत देखाउनुपर्ने।

– पार्टीमा आन्तरिक लोकतन्त्र बलियो हुनुपर्ने।

– पहुँचको आधारमा टिकट लिएर जाँदा परिणाम राम्रो नआउने कारणले स्वच्छ र राम्रा व्यक्तिहरुलाई उम्मेदवार बनाउनुपर्ने।

– नेतृत्वको बोलीमा अनुशासन र एकरुपता नहुँदा समस्या भएकोले यसमा सुधार गर्नुपर्ने

– पार्टीमा फरक मत राखेबापत कसैलाई भेदभाव गर्न नहुने।

**नीति**

– नेकपा एमाले पार्टी नेता प्रधान नभई नीतिप्रधान हो भन्ने आम नेता कार्यकर्ता र जनतालाई महसुस गराउनुपर्ने।

– नीति निर्माण गर्ने ठाउँमा पठाउने उम्मेदवार कम्तिमा स्नातक उत्तीर्ण गरेको हुनुपर्ने।

– अहिलेको घटना र परिस्थितिलाई माक्र्सवादी ढंगले विश्लेषण गर्नुपर्ने।

– अहिलेको समाजको असन्तुष्टि र आवश्यकताको गहिरो पहिचान गर्नुपर्ने।

– राजकीय जिम्मेवारीमा जाँदा कुन पदका लागि कति पटक हो अगाडि नै तोक्नुपर्ने (जस्तो मन्त्री २ पटक मात्र सांसदको उम्मेदवार बढीमा २ पटक प्रदेशसभा र स्थानीय तहको बढीमा २ पटक मात्र आदि)।

– पार्टीमा ज्ञानभण्डार स्थापना गरी त्यसको आधारमा नीतिगत निर्णय लिने काम सुरुवात गर्नुपर्ने।

– राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धमा आएको फेरबदलको मिहिन समीक्षा गरी नयाँ आयाममा सम्बन्ध विस्तार गर्नुपर्ने।

**नेतृत्व**

– पार्टी र नेतृत्वले गरेका राम्रा कामहरू जनतालाई बुझाउनुपर्ने।

– नेतृत्व चयन गर्दा आर्थिक रूपमा पारदर्शी, भौगोलिक, राजनीतिक, सामाजिक विषयमा जानकारी राख्ने प्रतिस्पर्धात्मक क्षमता र वैचारिक रुपले खारिएको व्यक्तिहरूलाई बढी प्राथमिकता दिनुपर्ने।

–पार्टीमा प्राप्त गर्न होइन योगदान गर्न तयार असल क्षमतावान र समाजले रुचाएका व्यक्तिहरूलाई जिम्मेवारी दिनुपर्ने।

–महाधिवेशनपछि केन्द्रीय नेता हरू को सम्पत्ति सार्वजनिक गर्नुपर्ने।

–भावी नेतृत्व जन्माउन नसक्ने असल नेतृत्व हुन नसक्ने कुरा मनन गरी वैकल्पिक नेतृत्व उत्पादन गर्ने गर्नुपर्ने।

**संगठन**

– कुनै पनि कमिटीको बैठक सभा जस्तो नेताले भाषण गर्ने र सदस्यहरुले ताली पिट्ने मात्र नभई एजेन्डामा केन्द्रित भई छलफल गरेर राय लिएर पास गर्ने पद्धति पुनरावृत्ति गर्नुपर्ने।

– कमिटी निर्माण गर्दा असल कार्यकर्तालाई पाखा लगाई एजेन्ट कार्यकर्ता बनाउने प्रवृत्ति अन्त्य गर्नुपर्ने।

– जनसंगठनहरू राजनीतिक आबद्धता साङ्गठनिक स्वतन्त्रताको मूल मर्ममा सञ्चालित हुनुपर्ने।

– कुनै विषयमा आफ्नो धारणा राखेको कारण जिम्मेवारी प्राप्त गर्न कठिन हुने अवस्था सिर्जना हुन नहुने।

– पार्टीको काम गरेको तर नेता खुसी बनाउने काम नगरेको कारण कुनै पनि कार्यकर्ताले त्यसको शिकार भई जिम्मेवारी नपाउने अवस्था सिर्जना हुनु नपर्ने।

–पहिले जस्तै कमिटी प्रणाली पुनस्र्थापना गर्नुपर्ने।

–कमिटी निर्माण गर्दा ६०% पुरानो र ४०% नयाँको प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्ने।

–कमिटी प्रणालीमा होरिजन्टल इन्ट्रीको व्यवस्था गर्नुपर्ने।

–पार्टीको कार्यकारी पदमा २ कार्यकाल को व्यवस्था लागू गर्नुपर्ने।

–पार्टीबाट उम्मेदवार तय गर्दा सम्बन्धित क्षेत्रको पार्टी सदस्यहरूबाट प्राइमरी इलेक्सन सिस्टमबाट छनोट गर्नुपर्ने।

–पार्टी सदस्यहरूबाट प्रत्यक्ष निर्वाचित नेतृत्वको व्यवस्था गर्नुपर्ने।

–पार्टीका अनुभवी र अग्रज नेतृत्व रहने मार्ग निर्देशक कमिटी निर्माण गर्नुपर्ने।

**निष्कर्ष**

नेकपा (एमाले) को आगामी बाटो अझ फराकिलो बनाउँदै धेरैभन्दा धेरै मानिसहरू हिड्न र अट्नसक्ने बनाउन आवश्यक छ । नेकपा (एमाले) यस्तो पार्टी हो, जहाँ नेताहरू र नवपुस्ताको आँट र साहस विद्यमान छ, जसले देशको मुहार फेर्ने कार्यमा अझ धेरै योगदान गर्न बाँकी छ । यसलाई सम्भव बनाउन हामी सबै एकजुट भई अभियानमा लागौँ। सफलता हाम्रै हातमा छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सुशासन र जनविश्वासका लागि स्वतन्त्र प्रेस अपरिहार्यः सञ्चारमन्त्री



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनाले स्वतन्त्र प्रेसबिना सुशासन, पारदर्शिता र जनविश्वास मजबुत हुन नसक्ने बताएका छन् । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आइतबार जारी गरेको शुभकामना सन्देशमा उनले स्वतन्त्र, निष्पक्ष र जिम्मेवार प्रेसलाई लोकतन्त्रको आधारस्तम्भका रूपमा व्याख्या गर्दै सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्न यसको भूमिका निर्णायक हुने बताएका हुन् ।
सञ्चारमाध्यम केवल सूचना प्रवाह गर्ने माध्यममा सीमित नभई राजनीति, प्रशासन, निजी क्षेत्र र समग्र समाजलाई जवाफदेही बनाउने प्रमुख संस्था रहेकाले यस क्षेत्रले प्रेस स्वतन्त्रतासँगै उच्चस्तरीय जिम्मेवारी बहन गर्नु आवश्यक रहेको सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ छ । उनले नेपालको संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति सरकार पूर्णप्रतिबद्ध रहेको स्पष्ट पार्दै स्वतन्त्र प्रेसले मात्र सुशासन र पारदर्शितालाई दिगो बनाउन सक्ने धारणा व्यक्त गरे । साथै, प्रेस स्वतन्त्रतासँगै तथ्यप्रतिको निष्ठा, व्यावसायिक मर्यादा र सार्वजनिक हितप्रतिको उत्तरदायित्वलाई समान रूपमा महत्त्व दिनुपर्ने उनको भनाइ छ ।
प्रेसको विश्वसनीयताले नै लोकतन्त्रको विश्वसनीयता बलियो बनाउँछ । वर्तमान डिजिटल युगमा फैलिँदै गएको गलत सूचना, भ्रामक सामग्री र सामाजिक सञ्जालको दुरुपयोगजस्ता चुनौतीप्रति सचेत रहनुपर्ने आश्यकता छ । यस्तो अवस्थामा सत्य, तथ्य र जनहितमा आधारित पत्रकारिता अझ आवश्यक छ, शुभकामना सन्देशमा भनिएको छ ।
मन्त्री डा तिमिल्सिनाले समाजलाई सचेत, जिम्मेवार र लोकतान्त्रिक मार्गमा अघि बढाउन सञ्चार क्षेत्रको भूमिका सधैँ महत्त्वपूर्ण रहने उल्लेख गर्दै सत्य र जनहितका पक्षमा सक्रिय सम्पूर्ण पत्रकार तथा सञ्चारकर्मीप्रति सम्मान व्यक्त गरे । 'शान्तिपूर्ण भविष्यको निर्माणः मानवअधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रता प्रवद्र्धन' भन्ने नाराका साथ मनाइँदै गरेको यस दिवसले स्वतन्त्र, जिम्मेवार र विश्वसनीय पत्रकारिताको अभ्यासलाई अझ सुदृढ बनाउने विश्वाससमेत मन्त्री तिमिल्सिनाले व्यक्त गरेका छन् ।रासस

# स्थानान्तरण गरिएका नागरिकलाई चैत मसान्तभित्र व्यवस्थित बासस्थान उपलब्ध गराउन रास्वपाको आग्रह

**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को आइतबारको सचिवालयको बैठकले हाल हटाइएका अतिक्रमित संरचना र सुकुमवासी बस्तीबाट हटाइएका नागरिकलाई यस वर्षको चैत मसान्तभित्र गाँस, बास, स्वास्थ्यलगायत सबै व्यवस्था गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।
सो पार्टीको केन्द्रीय कार्यालय, वनस्थलीका भएको बैठकपछि प्रवक्ता मनिष झाले अधिकार सम्पन्न प्राधिकरण गठन गरेर सुकुमवासीको लगत सङ्कलन नगरेसम्म अधिग्रहण गरिएका संरचनामा बाहेक अन्य स्थानमा घर संरचना भत्काउन अब डोजर नचलाउन आग्रह गरेको जानकारी दिएका छन् । उनले अतिक्रमित संरचना र सुकुमवासी बस्ती व्यवस्थापनको काम आफूहरुको चुनावी वाचापत्रअनुसार नै भएको र उनीहरुको बसोबासको अवस्थालाई ध्यान दिएर सुरक्षित तथा व्यवस्थित बासस्थानमा स्थानान्तरण गर्न सरकारलाई आग्रह गरेको हो ।
विगतमा सरकारले उक्त समस्या समाधानका लागि गम्भीर रुपमा ध्यान नदिएको र आफूहरुको चुनावी वाचापत्रअनुसार भूमिहीन सुकुमवासीलाई व्यवस्थित राख्न पहलकदमी भएको प्रवक्ता झाले बताएका छन् ।
अहिले बस्तीविहीन भएकाहरु हामी सुरक्षित र मर्यादित व्यवस्थापन गर्नका लागि पहल गर्नेछौँ । अधिकार सम्पन्न प्राधिकरणमार्फत दिगो व्यवस्थापन गर्नेछौँ । प्राधिकरणले लगत लिएर कम्तीमा ७५ प्रतिशत नागरिकको व्यवस्थापन आउँदो चैत मसान्तभित्र सरकारले गरिसकेको हुनेछ', प्रवक्ता झाले भने, सुकुमवासीको लगत उपलब्ध नगराएसम्मका लागि अब अधिग्रहण गरिएका संरचनाहरु तथा स्थानीय तहको अधिकार क्षेत्रमा बाहेक अन्य स्थानमा सुकुमवासी बस्ती भत्काउन डोजर नचलाउन सरकारलाई सुझाव दिने निर्णय गरेका छौँ ।
प्रवक्ता झाले भने नदी किनारमा आउने वर्षामा बाढी आउने भएकाले त्यहाँका सुकुमवासीलाई सुरक्षित स्थानमा लैजान आवश्यक थियो । उनले आगामी स्थानीय तहको निर्वाचनका लागि क्याण्डिडेट क्लबको घोषणा गरिएको र उम्मेदवार छनोट कार्यविधि पारित गरिएको जानकारी दिएका छन् । सो पार्टीको स्थानीय तहको उम्मेदवार हुन क्याण्डिडेट क्लव र लिडरसिप क्लासको योग्यता पारित गर्नुपर्ने व्यवस्था गरिएको छ । पत्रकारको प्रश्नको जवाफमा प्रवक्ता झाले राज्यका विभिन्न निकायमा विगतमा भएमा नियुक्ति कति प्रक्रियासम्मत या आवश्यकताका आधारमा थिए भन्ने समीक्षा गर्न अध्यादेशमार्फत पदमुक्ति गराइएको स्पष्ट पारेका छन् । रासस

# सरकारले व्यवसायीलाई दुःख दिँदैनः लामिछाने

**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले उद्योगी–व्यवसायीलाई नडराउन र नआत्तिन आग्रह गरेका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्शलगायत निजी क्षेत्रका संस्थाका प्रतिनिधिहरूसँग छलफल गर्दै आज उनले रास्वपा र वर्तमान सरकारप्रति सशङ्कित नहुन आग्रह गरेका हुन्।
सभापति लामिछानेले भने, निजीक्षेत्र सशङ्कित भएको, अलि डराएको जस्तो देखेर नै मैले तपाईंहरूसँग छलफल गर्न चाहेको हुँ । तपाईंहरू डराउनुपर्ने वा आत्तिनुपर्ने कुनै कारण छैन । हामी व्यवसायीहरूलाई कुनै खालको दुःख दिन चाहँदैनौँ । उनले केही व्यवसायी तथा पात्रहरूले देशको अर्थतन्त्र नै आफ्नो मुठ्ठीमा नियन्त्रण गर्ने गरी अघि बढेका कारणले सरकार निर्मम भएर लाग्नु परेको स्पष्ट पारे।
सभापति लामिछानेले वास्तविक अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रको समस्या सम्बोधन गर्नुपर्ने र त्यसको 'रोडम्याप' रास्वपाले बनाइसकेको पनि जानकारी दिए । उनले समस्या सम्बोधनका लागि उद्योगी–व्यवसायीहरूले आफ्नो घर र पार्टी कार्यालय धाउनै नपर्ने पनि स्पष्ट पारे।
तपाईंले मलाई र पार्टी कार्यालयलाई देख्नु पर्दैन, टेक्नु पर्दैन । हामी तपाईंहरूको समस्या सहजै सम्बोधन गर्न चाहन्छौँ । पहिला तपाईंहरूले फरक खालको प्रयोग र अनुभव लिनुभयो होला, सहभागी हुनु पनि भयो होला, तर हामी फरक ढङ्गबाट देखिने गरी परिवर्तन महसुस गराउन चाहन्छौँ, उनले भने।
छलफलमा महासङ्घका अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्र शान्तिको क्षेत्र भएकाले सहज रूपमा काम गर्न दिन आग्रह गरे। हरेक आन्दोलनमा यस क्षेत्रमाथि प्रहार भइरहेको छ । हामी हरेक आन्दोलनको मुख्य निसानामा परिरहेका छौँ। यसो हुनु हुँदैन भन्ने हाम्रो माग हो, उनले भने।
परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले पुँजी निर्माण घटिरहेको अवस्थामा निजी क्षेत्रलाई प्रोत्साहन र हौसला बढाउन आवश्यक रहेको उल्लेख गरे। चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष दीपक मलहोत्राले स्पष्ट बहुमतसहितको रास्वपा सरकारसँग ठूलो अपेक्षा रहेको भन्दै विकास निर्माण र आर्थिक सुधारमा सरकारले आवश्यक भूमिका खेल्नुपर्ने बताए।
'सरकारले नागरिकलाई घरबारविहीन बनाउँदैन'
फरक प्रसङ्गमा सभापति लामिछानेले सरकारले कसैलाई पनि घरबारविहीन नबनाउने स्पष्ट पारे। देशका नागरिक कसैलाई पनि घरबारविहीन बनाउँदैनौँ । आज केही समस्या भएको छ, तर यसले सधैँका लागि समस्या समाधान गर्छ । हामीले खोलाको किनारामा जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न खोजेको छौँ, उनले भने। रासस

# विभिन्न अध्यादेश जारी भएसँगै पदमुक्त हुँदै पदाधिकारीहरू



**सृजना राई**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' शुक्रबार जारी गरेका छन् । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायहरूलाई नयाँ गति दिने उद्देश्यले चालेको यो कदमसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५९४ पदाधिकारी एकमुष्ट पदमुक्त हुने भएका छन् ।

**सञ्चार, हवाई सेवा र मुद्रण क्षेत्रको पदमुक्ति**
नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम नियुक्त अध्यक्ष, उपाध्यक्ष, सञ्चालक र महाप्रबन्धकसहित सात पदाधिकारी पदमुक्त हुने भएका छन् । राष्ट्रिय समाचार समिति (रासस) ऐन, २०१९ अन्तर्गतका दुई जना सञ्चालक र गोरखापत्र संस्थान ऐन, २०१९ बमोजिमका अध्यक्ष तथा सञ्चालक गरी तीन जनाको पद रिक्त हुने भएको छ ।
चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ अन्तर्गत चलचित्र जाँच समितिका अध्यक्ष र सदस्य गरी तीन जना तथा सञ्चार संस्थान ऐन, २०२८ बमोजिम नियुक्त अध्यक्ष र सञ्चालक गरी दुई जना पदमुक्त हुने भएका छन् । प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम मनोनित अध्यक्ष र सदस्य गरी १० जना तथा श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ अन्तर्गत नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना पदमुक्त हुने भएका छन् । दूरसञ्चार ऐन, २०५३ बमोजिम नियुक्त प्राधिकरणका अध्यक्ष र सदस्य गरी पाँच जना तथा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिमका चार जना सदस्य पदमुक्त हुने भएका छन् ।
विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम सूचना प्रविधि न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणका ६ पदाधिकारी तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गतका प्रमुख सूचना आयुक्त र सूचना आयुक्त गरी तीन जनाको पद रिक्त हुनेछ ।
विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना, सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ अन्तर्गत नियुक्त तीन जना र सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ बमोजिमका अध्यक्ष र सदस्य गरी १५ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।

शिक्षा तथा विश्वविद्यालय क्षेत्र
शिक्षा ऐन, २०२८ अन्तर्गतका विभिन्न समिति र शिक्षक सेवा आयोगका अध्यक्ष तथा सदस्य गरी २३ जना पदमुक्त हुने भएका छन् । नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित २८ जना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ अन्तर्गतका १७ जना पदाधिकारीको पद रिक्त हुने भएको छ । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अन्तर्गत नियुक्त ३४ जना पदाधिकारी पदमुक्त हुने भएका छन् ।
काठमाडौँ विश्वविद्यालय ऐन, २०४८ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवलगायत २५ जना तथा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित ८४ पदाधिकारी पदमुक्त हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी आठ जना तथा पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अन्तर्गत नियुक्त उपकुलपति र कुलसचिवलगायत ६९ पदाधिकारी पदमुक्त हुने भएका छन् ।
यसैगरी पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम नियुक्त उपकुलपति र शैक्षिक प्रमुखसहित ५० जना तथा लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवलगायत ४४ जना पदमुक्त हुने भएका छन् ।
सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त भएका २७ जना र मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम नियुक्त २६ जना पदाधिकारीको पद रिक्त हुने भएको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त २२ जना, नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ बमोजिम नियुक्त २४ जना, राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ अन्तर्गत नियुक्त ३९ जना र मदन भण्डारी विश्वविद्यालय ऐन, २०७९ बमोजिम नियुक्त २४ पदाधिकारीहरू पदमुक्त हुने भएका छन् ।

**स्वास्थ्य, चिकित्सा र विज्ञान क्षेत्र**
आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ बमोजिम नियुक्त कुलसचिव र सदस्य गरी ६ जना तथा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ बमोजिमका नौ पदाधिकारी पदमुक्त हुने भएका छन् । पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ अन्तर्गत नियुक्त पाँच जना पदमुक्त हुने भएका छन् ।
यस्तै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त उपकुलपतिलगायत १५ जना तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ बमोजिमका पाँच जना सदस्यको पद रिक्त हुने भएको छ ।
नेपाल नर्सिङ परिषद् ऐन, २०५२ अन्तर्गत नियुक्त आठ जना र नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ बमोजिम नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन् । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत नियुक्त १० जना र सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ बमोजिम नियुक्त आठ जना पदमुक्त हुने भएका छन् । नेपाल फार्मेसी परिषद् ऐन, २०५७ अन्तर्गत नियुक्त सात जना र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ बमोजिम नियुक्त २२ पदाधिकारी पदमुक्त हुने भएका छन् ।
यस्तै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ बमोजिम नियुक्त ३४ पदाधिकारीको पद रिक्त हुने भएको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ अन्तर्गत नियुक्त ३१ जना र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम नियुक्त ३१ पदाधिकारीहरू पदमुक्त हुने भएका छन् । स्वास्थ्य बीमा ऐन, २०७४ अन्तर्गत नियुक्त सात जना र जनस्वास्थ्य ऐन, २०७५ बमोजिम नियुक्त ६ सदस्यको पद जाने भएको छ । नेपाल मेडिकल काउन्सिल ऐन, २०७५ अन्तर्गत नियुक्त आठ जना र राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम नियुक्त १६ पदाधिकारी पदमुक्त हुने भएका छन् । विदुषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ अन्तर्गत नियुक्त ४२ जना र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ बमोजिम नियुक्त २९ पदाधिकारीको पद रिक्त हुने भएको छ ।

**ऊर्जा, पूर्वाधार, वित्तीय र नियमनकारी निकाय**
नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम नियुक्त कार्यकारी निर्देशक र सदस्य गरी ६ जना तथा काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अन्तर्गत नियुक्त चार पदाधिकारी पदमुक्त हुने भएका छन् । नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम नियुक्त ६ जना र नगर विकास कोष ऐन, २०५३ अन्तर्गत नियुक्त ६ पदाधिकारी पदमुक्त हुने भएका छन् ।
यस्तै सडक बोर्ड ऐन, २०५८ बमोजिम नियुक्त चार जना, विद्युत् नियमन आयोग ऐन, २०७४ अन्तर्गत नियुक्त पाँच जना र नेपाल रेल्वे ऐन, २०७९ बमोजिम नियुक्त रेल्वे प्रशासक र सदस्य गरी पाँच पदाधिकारी पदमुक्त हुने भएका छन् । वित्तीय क्षेत्रतर्फ कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम नियुक्त आठ जना र नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत नियुक्त तीन जनाको पद रिक्त हुने भएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट ऐन, २०५३ बमोजिमका १५ जना र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन् ।
यसैगरी अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ बमोजिम नियुक्त तीन जना र धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नियुक्त एक सदस्यको पद जाने भएको छ । प्रतिस्पर्धा प्रवद्र्धन तथा बजार संरक्षण ऐन, २०६३ बमोजिम नियुक्त ६ जना र सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत पुनरावलोकन समितिका तीन पदाधिकारी पदमुक्त हुने भएका छन् ।
निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत र सदस्य गरी तीन जना र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ अन्तर्गत नियुक्त एक जनाको पद रिक्त हुने भएको छ । सहकारी ऐन, २०७४ बमोजिम नियुक्त आठ जना र सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐन, २०७५ अन्तर्गत नियुक्त चार पदाधिकारीहरू पदमुक्त हुने भएका छन् । औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम नियुक्त दुई जना, बीमा ऐन, २०७९ अन्तर्गत नियुक्त दुई जना र प्रत्यायन ऐन, २०७९ बमोजिम नियुक्त ६ पदाधिकारीको पद जाने भएको छ ।

कृषि, वातावरण, प्रज्ञा प्रतिष्ठान र सामाजिक क्षेत्र
बिउबिजन ऐन, २०४५ अन्तर्गतका आठ सदस्य र नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ बमोजिम नियुक्त नौ पदाधिकारी पदमुक्त हुने भएका छन् । राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ अन्तर्गत नियुक्त सात जना र राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ बमोजिम नियुक्त सात जनाको पद रिक्त हुने भएको छ ।
यस्तै नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत नियुक्त तीन जना र बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ बमोजिम नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन् । जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ अन्तर्गत नियुक्त छ जना र वातावरण संरक्षण ऐन, २०७६ बमोजिम नियुक्त पाँच जनाको पद जाने भएको छ । खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम नियुक्त सात पदाधिकारी पदमुक्त हुने भएका छन् ।
प्रज्ञा प्रतिष्ठानतर्फ नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ बमोजिम नियुक्त नौ जना र गुठी संस्थान ऐन, २०३३ अन्तर्गत नियुक्त १० जनाको पद रिक्त हुने भएको छ । लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम नियुक्त ११ जना र पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अन्तर्गत नियुक्त नौ पदाधिकारी पदमुक्त हुने भएका छन् ।
यसैगरी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ बमोजिम नियुक्त ४९ जना र नेपाल स्काउट ऐन, २०५० अन्तर्गत नियुक्त ३३ जनाको पद जाने भएको छ । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ बमोजिम नियुक्त १६ जना र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अन्तर्गत नियुक्त २५ पदाधिकारी पदमुक्त हुने भएका छन् ।
आदिवासी जनजाति परिषद् अन्तर्गतका ६० जना मनोनीत सदस्यहरू र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम नियुक्त ३३ जनाको पद रिक्त हुने भएको छ । नेपाल सङ्गीत तथा नाट्यकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम नियुक्त ४३ पदाधिकारी पदमुक्त हुने भएका छन् ।

**प्रशासनिक तथा सामाजिक क्षेत्रतर्फ**
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ बमोजिम नियुक्त चार जना र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त एक जनाको पद जाने भएको छ । समाज कल्याण ऐन, २०४९ बमोजिम नियुक्त १० जना र नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ अन्तर्गत नियुक्त १४ पदाधिकारी पदमुक्त हुने भएका छन् ।
यस्तै वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम नियुक्त १० जना र नेपाल ट्रष्ट ऐन, २०६४ अन्तर्गत नियुक्त तीन जनाको पद रिक्त हुने भएको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिमका पाँच पदाधिकारी पदमुक्त हुने भएका छन् ।
श्रम ऐन, २०७४ बमोजिम नियुक्त १० जना र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अन्तर्गत नियुक्त सात जनाको पद जाने भएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम नियुक्त चार जना र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ अन्तर्गत नियुक्त १७ पदाधिकारी पदमुक्त हुने भएका छन् ।
यसैगरी भूउपयोग ऐन, २०७६ बमोजिम नियुक्त चार जना, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ अन्तर्गत नियुक्त तीन जना र राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम नियुक्त २७ पदाधिकारीहरूको पद रिक्त हुने भएको छ । यसरी एक हजार ५९४ पदाधिकारी पदमुक्त हुने भएका छन् । सरकारले अब यी रिक्त पदमा नयाँ नियुक्ति प्रक्रिया चाँडै अगाडि बढाउने तयारी गरेको छ । रासस

# अकबरे खुर्सानी खेती प्रवर्द्धन गर्दै पैयूँ गाउँपालिका



**पर्वत ।**
दक्षिण पर्वतको पैयूँ गाउँपालिकाले अकबरे खुर्सानीखेती प्रवद्र्धन कार्यक्रम सञ्चालन गरेको छ । स्वाद र स्वास्थ्यका दृष्टिले उपयुक्त मानिने अकबरे खुर्सानी विस्तारका लागि पालिकाले किसानलाई अनुदान दिएर खुर्सानीखेतीतर्फ आकर्षित गरेको हो ।

स्थानीय किसानको आयआर्जन वृद्धि गर्ने उद्देश्यसहित अकबरे खुर्सानी (डल्ले खुर्सानी) उत्पादन तथा प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिएको पैयूँ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले जानकारी दिए । चालु आर्थिक वर्ष २०८२÷८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार गाउँपालिकाको कृषि शाखामार्फत कृषक समूह, कृषि सहकारी तथा निजी कृषि फार्मलाई आवश्यक अनुदान दिएर अकबरे खुर्सानीखेती विस्तार गर्न थालिएको उनले बताए ।

गाउँपालिकाले सूचना प्रकाशनपछि इच्छुक किसानलाई प्राविधिक मूल्याङ्कनपछि चारवटा कृषि फार्म छनोट गरी कार्यक्रम अगाडि बढाइएको छ । छनोटमा परेका फार्मलाई आवश्यक प्राविधिक सहयोग, तालिम, बीउबिजन, मलखाद तथा अनुदान प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत गैरेले बताए । उनका अनुसार पहिलोपटक वडा नं ६ को हाडिकखर्क कृषि तथा पशुपन्छी फार्म, वडा नं ३ को बेउलवास कृषि तथा पशुपन्छी फार्म, वडा नं ४ को बैँसीथोक कृषि तथा पशुपन्छी फार्म र वडा नं ३ मै रहेको कानुङ कृषि तथा पशुपन्छी फार्मलाई अनुदान दिएर ठूलो क्षेत्रफलमा अकबरे विस्तार गरिने भएको छ ।

हरेक फार्मले कम्तीमा दुई रोपनी क्षेत्रफलमा अकबरे खुर्सानीको व्यावसायिक खेती विस्तार गर्नुपर्ने प्रावधान राखिएको छ । अकबरे खुर्सानी नेपालका पहाडी जिल्लामा पाइने अत्यन्तै महत्त्वपूर्ण नगदे बाली हो । यसको तिखोपन, सुगन्ध र स्वादका कारण यो देशभित्रमात्र नभई बाह्य बजारमा पनि उच्च माग रहेको छ ।

गाउँपालिकाभित्र र बाहिर पनि अकबरे खुर्सानीको माग अत्यधिक आउने र मूल्यसमेत पर्याप्त पर्ने भएकाले किसानको जीवनस्तर सुधार्न सहयोग मिल्ने देखेर अकबरे खुर्सानीखेतीमा किसानलाई आकर्षित गर्न खोजिएको पैयूँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले जानकारी दिए । अन्य सामान्य खुर्सानीको तुलनामा यसको मूल्य धेरै हुने भएकाले किसानका लागि यो आकर्षक आम्दानीको स्रोत बन्ने उनको भनाइ छ ।

सानो क्षेत्रफलमा समेत राम्रो आम्दानी दिन सक्ने भएकाले साना किसानलाई पनि व्यावसायिक खेतीतर्फ लाग्न पालिकाले आग्रह गरेको छ । पछिल्लो समय बजारमा अकबरे खुर्सानीको मूल्य स्थिर र उच्च रहने गरेको देखिएकाले यसको उत्पादन विस्तारलाई दिगो आयआर्जनको आधारका रूपमा हेरिएको अध्यक्ष ठकुरीले बताए ।

पोषणका हिसाबले पनि अकबरे खुर्सानी निकै महत्त्वपूर्ण मानिन्छ । यसमा भिटामिन 'सी', 'ए' र 'ई'जस्ता आवश्यक पोषकतत्व प्रशस्त मात्रामा पाइन्छन्, जसले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुर्याउने हाडिकखर्क कृषि तथा पशुपन्चछी फार्मका सञ्चालक यामबहादुर क्षेत्रीले बताए ।

यसमा पाइने क्याप्साइसिन तत्वले पाचन प्रणाली सुधार गर्ने, रक्तसञ्चार सन्तुलित राख्ने तथा केही दीर्घरोगको जोखिम कम गर्न मद्दत गर्ने विश्वास गरिएको छ ।

त्यसैले यो केवल मसलामात्र नभई स्वास्थ्यका दृष्टिले पनि उपयोगी बालीका रूपमा रहेको क्षेत्री बताउँछन् ।

तरकारी, अचार विभिन्न परिकारमा यसको प्रयोगले नेपाली स्वादलाई अझ विशेष बनाउने गरेको छ । अकबरे खुर्सानीखेतीमा रोग, कीरा तथा मौसमीय जोखिमजस्ता चुनौती पनि कम हुने बताइएको छ । पैयूँ गाउँपालिकाले कृषि आधुनिकीकरण, नगदे बाली प्रवद्र्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणलाई केन्द्रमा राख्दै यस्तो कार्यक्रम अघि बढाएको जनाएको छ । रासस

# गाउँमै चिस्यान केन्द्र सञ्चालन भएपछि कृषक उत्साहित



**पर्वत ।**
पर्वतको मोदीमा जिल्लामै पहिलोपटक चिस्यान केन्द्र सञ्चालन गरिएको छ । गण्डकी प्रदेश सरकारको आर्थिक सहयोग र मोदी गाउँपालिकाको साझेदारीमा गाउँपालिकाको वडा नं ६ तिलाहारस्थित पहरेमा चिस्यान केन्द्र निर्माण गरिएको हो । निर्माण भएको करिब एक वर्षको यान्त्रिक परीक्षणपछि आइतबारदेखि केन्द्र सञ्चालनमा ल्याइएको हो । चिस्यान केन्द्र सञ्चालनमा आएसँगै कृषकले कृषिउपज भण्डारण गर्न थालेको मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरीले जानकारी दिए ।

उपभोक्ता समितिमार्फत ३३ लाखको लागतमा चिस्यान केन्द्र निर्माण गरिएको हो । तीस मेट्रिकटन क्षमता रहेको चिस्यान चालु आर्थिक वर्ष २०८२÷८३ को असार मसान्तसम्म निःशुल्क रुपमा भण्डारण गर्ने सुविधा दिइएको मोदी गाउँपालिका वडा नं ६ का वडाध्यक्ष दीपेन्द्रजङ्ग लामिछानेले जानकारी दिए । उनका अनुसार गाउँपालिकाभित्रका कृषकलाई कृषिउपज सङ्कलन तथा भण्डारणका लागि पहिलो प्राथमिकता दिइने भएको छ भने क्षमता र आवश्यकताका आधारमा अन्य क्षेत्रका कृषकलेसमेत उपभोग गर्न पाउने भएका छन् ।

कृषिउपज भण्डारणका लागि आवश्यक कागजातअन्तर्गत व्यक्तिगत किसानले निवेदन र नागरिकताको प्रतिलिपि पेस गर्नुपर्नेछ भने संस्था वा समूहले दर्ता प्रमाणपत्र, निर्णय र निवेदन पेस गर्नुपर्ने व्यवस्था गरिएको लामिछानेले जानकारी दिए ।

कुनै पनि कृषिउपज भण्डारण गर्नुअघि राम्रोसँग सुकाइएको, रोगकिरा नलागेको, काटिएको वा नसडेको मात्र भण्डारण गर्न आग्रह गरिएको छ । यतिबेला आलुको सिजन भएकाले आलुलाई साइजअनुसार छुट्याएर जालीदार बोरा वा जुटको बोरा प्रयोग गरी प्याकिङ गरेर भण्डारण गर्न कृषकलाई आग्रह गरिएको वडाध्यक्ष लामिछानेले जानकारी दिए । उनका अनुसार जुनसुकै कृषिउपजका लागि प्लास्टिकका बोरा प्रयोग गर्न भने पूर्ण रूपमा निषेध गरिएको छ ।

कृषकले बजार पु¥याउनुअघि वा बेमौसममा बिक्रीका लागि तथा बीउका लागि प्रयोग गर्ने कृषिजन्य वस्तु चिस्यान केन्द्रमा भण्डारण गरेर लाभ लिनसक्ने गाउँपालिकाका उपाध्यक्ष विमल लामिछानेले बताए ।

यसअघि यस क्षेत्रका कृषकले आलु, विभिन्न प्रजातिका फलफूललगायत अन्य कृषिजन्यउपज भण्डारणका लागि पोखरा लैजानुपर्ने बाध्यता हटेर गएको उपाध्यक्ष लामिछानेले बताए ।

साथै जलजला गाउँपालिकाले झण्डै एक करोडको लागतमा वडा नं ८ खनियाँघाटमा चिस्यान केन्द्र निर्माण गरेको छ ।

परीक्षणका क्रममा रहेको र केही महिनाभित्र सञ्चालनको तयारी भइरहेको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिए । यसैगरी, दक्षिण पर्वतको पैँयु गाउँपालिकाले उपभोक्ता समिति वा कृषि समूहमार्फत चिस्यान केन्द्र सञ्चालनमा ल्याउने तयारीस्वरुप सूचना प्रकाशित गरेको छ । रासस्

# मध्यपूर्व युद्धबीच 'ओपेक प्लस'को महत्वपूर्ण बैठक, उत्पादन कोटा वृद्धि सम्भावना




**भियना ।**
संयुक्त अरब इमिरेट्सले 'ओपेक प्लस' समूहबाट बाहिरिने निर्णय गरेपछि पहिलो पटक उक्त समूहका सात सदस्य देशहरू आइतबार तेल उत्पादन कोटासम्बन्धी निर्णय गर्न बैठकमा बसेका छन् । मध्यपूर्वमा जारी युद्धका कारण तेल आपूर्तिमा पहिले नै दबाब बढिरहेको अवस्थामा यो बैठकलाई निकै महत्वपूर्ण मानिएको छ, किनकि यसले विश्व बजारमा तेलको मूल्यमा थप प्रभाव पार्न सक्छ ।

संयुक्त अरब इमिरेट्सले अप्रिल २८ मा ओपेक र विस्तारित ओपेक प्लस समूह छोड्ने घोषणा गरेको थियो र उक्त निर्णय अप्रिल ३० देखि औपचारिक रूपमा लागू भएको मानिन्छ । यसको प्रभावबारे सङ्गठनले अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया दिएको छैन, जसका कारण आइतबारको बैठकपछि आउने निर्णय र वक्तव्यलाई बजारले निकै ध्यानपूर्वक हेरिरहेको छ । यो बैठक अनलाइन रूपमा सम्पन्न भइरहेको छ र यसमा अल्जेरिया, इराक, काजाखस्तान, कुवेत, ओमान, रुस र साउदी अरेबिया सहभागी छन् । प्रारम्भिक अनुमान अनुसार, यी देशहरूले दैनिक करिब एक लाख ८८ हजार ब्यारेल तेल उत्पादन कोटा वृद्धि गर्ने सम्भावना छ, जुन मार्च र अप्रिलमा गरिएको वृद्धि जस्तै हो तर संयुक्त अरब इमिरेट्सको योगदान बिना हुनेछ ।

यद्यपि कोटा कागजमा बढाइए पनि वास्तविक उत्पादनमा ठूलो परिवर्तन आउने सम्भावना कम देखिएको छ, किनकि धेरै सदस्य देशहरू पहिले नै युद्ध, प्रतिबन्ध र ढुवानी अवरोधका कारण आफ्नो पूर्ण उत्पादन क्षमता प्रयोग गर्न असमर्थ छन् । विशेष गरी फारस खाडी क्षेत्रका इराक, कुवेत, साउदी अरेबिया र पूर्व सदस्य संयुक्त अरब इमिरेट्स सबै यस अवस्थाबाट प्रभावित भएका छन् ।

त्यस्तै, इरानले अमेरिकी–इजरायली तनावपछि स्ट्रेट अफ हर्मुज क्षेत्रमा अवरोध सिर्जना गर्दा तेल निर्यात थप कठिन बनेको छ ।

इरान स्वयं पनि अमेरिकी प्रतिबन्धका कारण आर्थिक दबाबमा रहेको छ । अर्कोतर्फ, रुस युद्धका कारण उच्च तेल मूल्यबाट केही लाभ उठाइरहेको देखिए पनि युक्रेनसँगको लामो युद्धका कारण उसले आफ्नो उत्पादन क्षमता पूर्ण रूपमा उपयोग गर्न सकेको छैन ।

विश्लेषकहरूका अनुसार संयुक्त अरब इमिरेट्सको ओपेक प्लसबाट बहिर्गमन एक ठूलो परिवर्तन हो, किनकि यसले संगठनभित्र शक्ति सन्तुलन र भविष्यको नीतिमा महत्वपूर्ण असर पार्न सक्छ । संयुक्त अरब इमिरेट्सले पछिल्ला वर्षहरूमा ठूलो लगानी गर्दै आफ्नो उत्पादन क्षमता उल्लेखनीय रूपमा बढाएको थियो र सन् २०२७ सम्म दैनिक करिब ५ लाख ब्यारेल उत्पादन गर्ने लक्ष्य राखेको थियो, जुन पहिलेको कोटाभन्दा निकै बढी हो ।

यस परिस्थितिमा, ओपेक प्लस भित्र अन्य सदस्य देशहरू पनि आफ्नो कोटा उल्लंघन गरेको आरोप र असन्तुष्टिका कारण दबाबमा देखिन थालेका छन्, जसले भविष्यमा सङ्गठनको एकता र स्थायित्वबारे प्रश्न उठाएको छ । रासस

# प्रवर्द्धनको प्रतीक्षामा पोखराको सीता गुफा



**गण्डकी ।**
धार्मिक एवं ऐतिहासिक महत्वको पोखरा महानगरपालिका वडा नं ३२ चैनपुरमा अवस्थित सीता गुफा प्रचारप्रसार एवं प्रवद्र्धनको प्रतीक्षामा छ । गुफाका ढुङ्गामा विभिन्न जङ्गली जनावरका आकृति ती ढुङ्गामा अर्को ढुङ्गो बजार्दा सुनिने अचम्मको प्रतिध्वनि, जताततै चमेरैचमेरा, कहिल्यै नसुक्ने पानीको मुहानले गुफाको आकर्षण बढाएको छ । पोखरा र आसापसका क्षेत्रबाट आन्तरिक पर्यटक गुफा क्षेत्रमा आउने गरेका छन् ।

पोखरा–३२ को महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्यका रुपमा यसको प्रवद्र्धन र विकासलाई वडा कार्यालयले प्राथमिकतामा राखेको पोखरा महानगरपालिका वडा नं ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्कीले बताए ।

गुफालाई व्यवस्थित गराउनका लागि वडाले पहल गरिहेको बताउँदै उनले विभिन्न दुई चरणमा गरी करिब १५ लाख रुपैयाँ यहाँको पूर्वाधार विकासमा खर्च गरिसकिएको बताए ।

हामीले यस गुफालाई विशिष्ट पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न महानगरको गौरवको योजनाका रुपमा अघि बढाउनका लागि प्रस्तावसमेत गरिरहेका छौँ, उनले भने, यसको राम्रो प्रवद्र्धन र विकास गर्न सकिएमा यसलाई पोखराका महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिन्छ ।

के छ त किंवदन्ती ?

यस गुफाको नाम किन सीता गुफा रह्यो भन्ने सम्बन्धमा विभिन्न रोचक किंवदन्ती रहेका छन् । एउटा पुरानो किंवदन्तीमा पहिलो पटक महिनावारी हुँदा देवी सीता केही दिन यस स्थानमा गुप्तवास बसेकी थिइन् । उक्त समयमा सीताले यहाँको शान्त र सुरक्षित वातावरणमा बिताएको हुनाले यस गुफाको नाम सीता गुफा रहन गएको स्थानीयवासी बताउँछन् । देवी सीतासँग जोडिएको पवित्र स्थानको रूपमा यस स्थानलाई धार्मिक तीर्थस्थलका रुपमा लिर्दै धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न खोजिएको छ ।

यातायतको सहज पहुँच युक्त स्थान भएर पनि यसको अपेक्षित प्रचारप्रसार नहुँदा अपेक्षित प्रवद्र्धन हुन नसकेको पोखरा– ३२ तल्लो गगनगौडाका स्थानीयवासी मुकुन्द घिमिरे बताउँछन् । पोखराको सिसुवाबाट करिब तीन किलोमिटर दुरीमा यो गुफा रहेको छ । सिसुवाबाट दक्षिणतर्फ साढे दु्ई किलोमिटर मोटरबाटो आएपछि दायातर्फ करिब ५०० मिटर अगाडि आएपछि गुफामा पुगिन्छ । वरपर जङ्गलसँगै अघि फराकिलो फाँटसहित फाट्टफुट्ट घर रहेका छन् । गुफाको पूर्वमा रूपा ताल र चैनपुर बस्ती छ भने पश्चिममा पोखरा विश्वविद्यालय रहेको छ । त्यस्तै उत्तरमा बेगनास तथा दक्षिणमा सात मुहाने बजार रहेको छ ।

करिब ५० मिटर गहिरो र सात मिटर चौडाइमा रहेको यो गुफा भित्री भाग अत्यन्तै अँध्यारो, साँघुरो र डरलाग्दो छ । गुफामा करिब १० मिटरभन्दा तल जान भने अप्ठ्यारो छ । गुफाभित्र ठूलो सङ्ख्या रहेका चमेरा यहाँको अर्को आकर्षण हो । केही वर्षअघि चैनपुर टोल विकास समितिले गुफा सफा गर्ने क्रममा भित्र पुरानो माटोको भाँडा र फलामको भाँडो फेला परेका कारण यहाँ विगतमा साधुुसन्त वा तपस्वी योग तथा ध्यानका लागि बस्ने गरेको स्थानीयको अनुमान छ ।

गुफामा यहाँका ढुङ्गाहरू एक आपसामा ठोक्किँदा आउने प्रतिध्वनि परम्परागत ढोल (मादल) को पिटाइ जस्तो सुनिन्छ भने वरिपरि भेटिएका मानव खुट्टा जस्तो आकारका माटोका टुक्रा तथा विभिन्न आकृतिहरू आदि देखिनुलाई स्थानीयले दैवी शक्तिका रुपमा लिने गरेका छन् । गुफाभित्र रहेको कहिल्यै नसुक्ने पानीको मुहान यहाँको अर्को विशिष्टता हो । हिउँद होस् वा वर्षा कुनै पनि समयमा न सुक्ने तथा न बढ्ने यहाँको पानीको नियमित प्रवाहलाई प्राकृतिक चमत्कारका रुपमा लिने गरिएको छ ।

सीता गुफा आउने पर्यटकलाई यसका बारेमा जान्न र बुझ्न सहयोग होस् भन्ने उद्देश्यले क्युआर कोडको व्यवस्था गरिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले जानकारी दिए । पर्यटन राजधानी पोखराका विभिन्न ३९ वटा पर्यटकीय गन्तव्यमा पर्यटकलाई त्यहाँका सम्बन्धमा जान्न र बुझ्न सहयोग पुग्ने उद्देश्यले क्युआर कोडको व्यवस्था गरिएको उनले बताए । पोखरा पर्यटन परिषद्को संयोजनमा नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युनडिपी) को दिगो पर्यटन परियोजनाको सहयोग र साराङ डिजिटलको प्राविधिक सहयोगमा यस्तो व्यवस्था गरिएको हो ।

यहाँ आउने जो–कोही पर्यटकले 'क्युआर कोड' 'स्क्यान' गरेर यहाँका सम्बन्धमा पढ्न र सुन्न पाउने व्यवस्था मिलाइएको छ । उनका अनुसार 'क्युआर कोड'मार्फत पर्यटकीय गन्तव्यका सम्बन्धमा अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, जर्मन, हिन्दी, इटालेली, जापानी, कोरियाली, रुसी र स्पेनी भाषामा पढ्न पाइने जानकारी दिँदै उनले अङ्ग्रेजी, हिन्दी, चिनियाँ, फ्रान्सेली र नेपालीमा सुन्ने व्यवस्था मिलाइएको छ । रासस

**'प्रेस स्वतन्त्रता दिवस' विशेष...**

## सञ्चार माध्यम संकटमाः

# नीतिगत निर्णय, आर्थिक सङ्कट र भविष्यको अन्योल !

**हरिशंकर शर्मा**
**वीरगंज ।**
सञ्चार माध्यमलाई प्रायः मुलुकको 'चौथो अङ्ग' का रूपमा चिनिन्छ । राज्यका तीनवटा प्रमुख अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कामकारबाहीलाई जनतासम्म पु¥याउने, तिनको निगरानी गर्ने तथा जनताको आवाज सत्तासम्म पु¥याउने महत्वपूर्ण दायित्व सञ्चार माध्यमले निर्वाह गर्दै आएको छ । नेपालको संविधानले पनि अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । यसै संवैधानिक अधिकारका आधारमा सञ्चार माध्यमले ओझेलमा परेका विषयहरूलाई उठान गर्ने, दूरदराजका नागरिकसम्म सूचना पु¥याउने र लोकतन्त्रलाई सुदृढ बनाउने भूमिका खेलेको छ ।

विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकका लागि सञ्चार माध्यम केवल सूचना दिने माध्यम मात्र होइन, उनीहरूलाई राष्ट्रिय जीवनसँग जोड्ने पुल पनि हो । जब कुनै गाउँका बासिन्दाले आफ्नो समस्या सञ्चार माध्यममा उठेको देख्छन्, तब उनीहरूमा पनि 'म यो देशको समान अधिकारयुक्त नागरिक हुँ' भन्ने अनुभूति जागृत हुन्छ । तर विडम्बना, अरूका पीडा र समस्यालाई उजागर गर्ने सञ्चार माध्यम र सञ्चारकर्मीहरू आफैँ अहिले गम्भीर सङ्कटमा परेका छन् ।

**नीतिगत निर्णयबाट उत्पन्न संकट**
यस संकटको मूल कारणका रूपमा २०८२ साल चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको एक पत्रलाई लिइएको छ । उक्त पत्रमा सरकारी कार्यालयहरूले आफ्ना विज्ञापनहरू निजी सञ्चार माध्यममार्फत प्रकाशन वा प्रसारण गर्न नपाउने व्यवस्था गरिएको उल्लेख छ । यस निर्णयले सञ्चार क्षेत्रमा एक प्रकारको तरङ्ग उत्पन्न ग¥यो, जसले गर्दा सञ्चार जगत अहिले निरन्तर विरोधमा उत्रिएको छ ।

नेपाल पत्रकार महासङ्घले समेत विभिन्न आन्दोलनका कार्यक्रमहरू घोषणा गर्दै आएको छ । विज्ञप्तिहरू जारी भइरहेका छन्, तर हालसम्म ती आवाजहरूको प्रभावकारी सुनुवाइ भएको देखिँदैन ।

**खुला पत्रः बाध्यताबाट उठेको आवाज**
यसै सन्दर्भमा पर्साका पत्रकार शम्भु कुमार सुमनले प्रधानमन्त्रीलाई खुला पत्र लेखेका छन् । उनका अनुसार, लामो समयदेखि सञ्चालनमा रहेका सञ्चार माध्यमहरू उक्त निर्णयका कारण गम्भीर मारमा परेका छन् । ती सञ्चार संस्थामा कार्यरत पत्रकार तथा श्रमजीवीहरू पनि प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।

उनी भन्छन् 'आन्दोलनहरू भए, आवाज उठाइयो, तर कुनै सुनुवाइ नभएपछि खुला पत्र लेख्नु बाध्यता बन्यो । सुरुवातमा नयाँ सरकारप्रति धेरै अपेक्षा गरिएको थियो, पुराना राजनीतिक दलहरूले गर्न नसकेको सुधार अब हुने आशा गरिएको थियो । तर जब सञ्चार क्षेत्रमै प्रत्यक्ष प्रहार भयो, तब उनीहरू निराश बन्न पुगे ।

उनको भनाइमा सञ्चार माध्यममा केही विकृति र अनियमितता रहेको स्वीकार गर्दै त्यसलाई नियमन गर्नुपर्ने आवश्यकता थियो । तर सम्पूर्ण सञ्चार क्षेत्रमाथि एकैचोटि प्रतिबन्ध लगाउनु न्यायसंगत कदम होइन ।

**निजी सञ्चार माध्यमको भूमिका र चुनौती**
पत्रकार तिवारी यादवका अनुसार, उक्त निर्णयपछि निजी सञ्चार माध्यमको अस्तित्व नै संकटमा परेको छ । सरकारी सूचनाहरू अब केवल सरकारी माध्यममार्फत मात्र प्रकाशन हुने भएपछि निजी सञ्चार माध्यमको आयस्रोत लगभग समाप्त भएको छ ।

नेपालमा ७५३ स्थानीय तह छन्, जसले आफ्ना सूचना प्रवाह गर्नुपर्ने हुन्छ । यदि ती सबै सूचनाहरू केवल सरकारी सञ्चार माध्यममा मात्र सीमित भएभने जनतासम्म सूचना पुग्ने प्रक्रिया नै कमजोर हुन्छ । निजी सञ्चार माध्यमहरू तीव्र, गतिशील र जनतासँग प्रत्यक्ष जोडिएका हुन्छन् । उनीहरूले तत्काल सूचना सम्प्रेषण गर्न सक्छन्, जुन सरकारी माध्यमले सधैं सम्भव बनाउँदैन ।

उदाहरणका लागि, कुनै विपद् वा आकस्मिक अवस्थाको सूचना निजी सञ्चार माध्यममार्फत छिटो जनतासम्म पुग्न सक्छ । तर यदि ती माध्यमहरूलाई निषेध गरियो भने सूचना प्रवाहमा गम्भीर अवरोध उत्पन्न हुन्छ ।

**संघीय संरचना र नीतिगत विरोधाभास**
नेपाल संघीय प्रणालीमा आधारित मुलुक हो, जहाँ तीन तहका सरकार छन् संघ, प्रदेश र स्थानीय । यस्तो अवस्थामा संघीय सरकारले स्थानीय तहका सञ्चार अभ्यासमा हस्तक्षेप गर्नु संविधानको भावना विपरीत देखिन्छ । कतिपय स्थानीय तहहरूले संघीय निर्णय नमान्ने संकेत पनि दिएका छन् । यसले स्पष्ट पार्छ कि नीति निर्माणमा समन्वयको अभाव छ । सञ्चार क्षेत्रजस्तो संवेदनशील विषयमा यस्ता निर्णयहरूले थप अन्योल सिर्जना गरेका छन् ।

**आर्थिक संकट र सञ्चार माध्यमको धरासायी अवस्था**
वर्तमान अवस्थामा सञ्चार माध्यमहरूको आर्थिक अवस्था अत्यन्त दयनीय छ । समाचार छाप्न लाग्ने खर्च, इन्टरनेट शुल्क, कर्मचारी तलब यी सबै व्यवस्थापन गर्न कठिन भइरहेको छ । निजी क्षेत्रबाट आउने विज्ञापन पनि अत्यन्त सीमित छ ।

पहिले नै कमजोर आर्थिक आधार भएका सञ्चार संस्थाहरू यस निर्णयपछि झन् संकटमा परेका छन् । धेरै सञ्चार माध्यम बन्द हुने अवस्थामा पुगेका छन् । कर्मचारीलाई तलब दिन नसक्ने अवस्था सिर्जना भएको छ ।

**युवाहरूको भविष्य संकटमा**
सञ्चार क्षेत्रमा भविष्य खोजिरहेका युवाहरू अहिले निराश बनेका छन् । दशकौँदेखि यस क्षेत्रमा सक्रिय व्यक्तिहरू पनि अब विकल्प खोज्न बाध्य भएका छन् । नयाँ पुस्ताका शिक्षित युवाहरू यस क्षेत्रमा प्रवेश गर्न इच्छुक देखिँदैनन् ।

'हामी अरू क्षेत्रमा गएको भए सायद स्थापित भइसक्थ्यौँ,' भन्ने भावना धेरै पत्रकारहरूमा देखिन्छ । तर जनताको मुद्दा उठाउने उद्देश्यले उनीहरू यस क्षेत्रमा टिकिरहेका छन् । यदि यस्तो अवस्था निरन्तर रह्यो भने सञ्चार क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुने निश्चित छ ।

**विज्ञापनमा अनियमितता र वास्तविक समस्या**
सञ्चार क्षेत्रमा भ्रष्टाचार र अनियमितताको विषय पनि उठिरहेको छ । केही रिपोर्टहरूमा विज्ञापनमा अर्बौं रुपैयाँ खर्च भएको र त्यसमा अनियमितता भएको उल्लेख गरिएको छ । तर वास्तविकता के हो भने ठूलो हिस्सा विज्ञापन एजेन्सीहरूले बीचमै लिएका छन् ।

उदाहरणका लागि, एउटा विज्ञापनको वास्तविक लागत १७ हजार रुपैयाँ भए पनि ६५ हजार रुपैयाँको बिल पेश गरिएको छ । यसले देखाउँछ कि समस्या सञ्चार माध्यममा मात्र होइन, बीचौलिया प्रणालीमा पनि छ । त्यसैले, समस्या समाधान गर्नुपर्ने ठाउँ एजेन्सीहरू हुन्। तर सम्पूर्ण सञ्चार माध्यमलाई नै दोषी ठहर गरेर प्रतिबन्ध लगाउनु उचित होइन ।

**सरकारी र निजी सञ्चार माध्यमबीचको असन्तुलन**
सरकारी सञ्चार माध्यमहरू जस्तै गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन देशभर सूचना प्रवाह गर्न सक्षम छैनन् । उनीहरूको पहुँच सीमित छ, र जनताको दैनिक समस्याहरू उठाउने क्षमता पनि सीमित छ । निजी सञ्चार माध्यमहरू भने जनतासँग प्रत्यक्ष जोडिएका हुन्छन् । उनीहरूले स्थानीय मुद्दा उठाउँछन्, जनताको आवाज सत्तासम्म पु¥याउँछन् । त्यसैले, दुवै प्रकारका माध्यमबीच सन्तुलन आवश्यक छ ।

**लोकतन्त्रमा सञ्चार माध्यमको भूमिका**
लोकतन्त्रमा सञ्चार माध्यमको स्वतन्त्रता अत्यन्त आवश्यक हुन्छ । यदि सञ्चार माध्यमलाई नियन्त्रण गरियो भने जनताको आवाज दबिन्छ । सरकारको आलोचना गर्ने, गलत कार्य उजागर गर्ने र जनताको पक्षमा बोल्ने माध्यम नै सञ्चार हो । यदि सञ्चार माध्यम कमजोर भयो भने लोकतन्त्र पनि कमजोर हुन्छ । त्यसैले, सञ्चार क्षेत्रलाई संरक्षण र सुदृढ गर्न आवश्यक छ ।

**सुधार आवश्यक, दमन होइन**
अहिलेको अवस्थाले स्पष्ट देखाउँछ कि सञ्चार क्षेत्रमा सुधार आवश्यक छ । विकृति र अनियमितता हटाउनुपर्छ । तर त्यसका लागि सम्पूर्ण क्षेत्रलाई दण्डित गर्नु समाधान होइन । सरकारले आफ्नो निर्णय पुनर्विचार गर्न आवश्यक छ । सञ्चार माध्यमलाई सशक्त बनाउने, पारदर्शिता ल्याउने र नियमन गर्ने नीति ल्याउनुपर्छ । निजी र सरकारी सञ्चार माध्यमबीच सन्तुलन कायम गर्नुपर्छ ।

यदि तत्काल सुधार भएन भने हजारौँ पत्रकार आन्दोलनमा उत्रिन बाध्य हुनेछन् । सञ्चार माध्यम बन्द हुने अवस्थामा पुग्नेछन्, जसले लोकतन्त्रलाई गम्भीर असर पु¥याउनेछ । अन्ततः, सञ्चार माध्यम केवल व्यवसाय होइन यो जनताको आवाज हो । यसलाई जोगाउनु राज्यको दायित्व हो, र यसको स्वतन्त्रता कायम राख्नु लोकतन्त्रको आधार हो ।



# तीन अग्रज पत्रकार सम्मानित



**मोरङ ।**
नेपाल पत्रकार महासङ्घ मोरङले विश्व प्रेस स्वतन्त्रता दिवसको उपलक्ष्यमा यहाँका तीन अग्रज पत्रकारहरुलाई सम्मान गरेको छ ।

आइतबार आयोजित कार्यक्रममा कोशी प्रदेश प्रदेश प्रमुख परशुराम खापुङले पत्रकारहरू केदार चौहान, केदार रिजाल र ज्योति शर्मालाई सम्मानपत्र प्रदान गरे ।

प्रदेश प्रमुख खापुङले समाजलाई परिवर्तन र मुलुकको विकासमा सञ्चारकर्मीहरुको काँधमा ठूलो जिम्मेवारी रहेकाले सत्यतथ्यका आधारमा समाचार सम्प्रेषण गरी जिम्मेपारी पूरा गर्न आग्रह गरे । उनले प्रजातन्त्र, लोकतन्त्र र मानव अधिकारको संरक्षणमा सञ्चारकर्मीले थप योगदान पु¥याउनुपर्नेमा जोड दिँदै राष्ट्रिय एकता बलियो बनाई समाजमा सद्भाव कायम राख्न कलम चलाउनुपर्ने सुझाव दिए ।

सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाले पत्रकारिता जिम्मेवार पेसा भएकाले मुलुकमा शान्तिसुरक्षा एवं सद्भाव कायम गर्न महत्त्वपूर्ण योगदान पु¥याएको भन्दै प्रशंसा गरे ।

नेपाल पत्रकार महासङ्घ कोशी प्रदेशका अध्यक्ष भरतबहादुर खड्का, महासङ्घका केन्द्रीय सदस्य कमल रिमालले सञ्चारकर्मीको भूमिकाका कारण लोकतन्त्र एवं गणतन्त्रलाई संस्थागत गर्न सहयोग पुग्ने विचार व्यक्त गरे । महासङ्घ मोरङ अध्यक्ष सुशीला पाठक, उपाध्यक्ष सन्तोष सिग्देल, महासङ्घका पूर्वप्रदेश अध्यक्ष विक्रम लुइँटेल, मोरङका पूर्वअध्यक्ष बन्धु पोखरेल, प्रेस चौतारी नेपालकी मोरङ अध्यक्ष चीना थापा, नेपाल प्रेस युनियनका मोरङ अध्यक्ष वेदराज पौड्याल, गैरसरकारी संस्था महासङ् मोरङ अध्यक्ष विष्णु शर्मा पन्त, सम्मानित पत्रकार चौहानलगायतले आफ्नो धारणा राखेका थिए ।

महासङ्घले आइतबार विराटनगर आँखा अस्पतालको सहयोगमा सञ्चालन गरेको आँखा शिविरमा दुई सय जना पत्रकार र परिवारका सदस्यहरूले आँखा जाँच गराई निःशुल्क औषधि एवं चस्मा वितरण गरिएको थियो । रासस

## विश्व प्रेस स्वतन्त्रता दिवसः
# पत्रकार महासङ्घको ऐक्यबद्धता पदयात्रा



**काठमाडौँ ।**
विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा आइतबार नेपाल पत्रकार महासङ्घले ऐक्यबद्धता पदयात्रा (र्‍याली) आयोजना गरेको छ । 'शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवद्र्धन' को नारासहित आयोजित पदयात्रा बिहान माइतीघर मण्डलाबाट सुरु भई नयाँ बानेश्वर पुगेर कोणसभामा परिणत भएको थियो ।

सभामा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मनोज दुवाडीले प्रेस स्वतन्त्रता अवस्था वार्षिक प्रतिवेदन सार्वजनिक गरे । उनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता मानव अधिकारकै अङ्ग भएकाले त्यसको हनन् भएमा आयोग रक्षार्थ उभिने बताए । महासङ्घका अध्यक्ष निर्मला शर्माले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संवैधानिक हक भएकाले कुण्ठित नहुने धारणा राखे ।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा डा विजयप्रसाद मिश्रले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि कुनै अवरोध वा अड्चन आइलागे आफूहरूले कानुनी उपचारका साथै स्वतन्त्रताका पक्षमा नैतिक समर्थन जनाउने बताए । रासस

## पेसागत र भौतिक सुरक्षाको जोखिमले
# प्रेस स्वतन्त्रता चुनौतीपूर्ण बनेको छः अध्यक्ष शर्मा

**काठमाडौँ ।**
नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले पत्रकारविरुद्ध भएका अपराधमा दण्डहीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षामा जोखिमजस्ता कारणले प्रेस स्वतन्त्रता चुनौतीपूर्ण बन्दै गएको बताएकी छिन् ।



विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आइतबार सम्पूर्ण श्रमजीवी पत्रकार, व्यावसायिक सञ्चार गृहहरू तथा विचार र अभिव्यक्ति स्वतन्त्रता पक्षधर जनसमुदायमा शुभकामना व्यक्त गर्दै सो कुरा बताएकी हुन् ।

उनले भनेकी छिन्, विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा महासङ्घ सम्पूर्ण सञ्चारकर्मी, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरमा पुनःएकपटक शुभकामना व्यक्त गर्दछ, प्रेस स्वतन्त्रता पेचिलो बन्दै गएको अहिलेको अवस्थामा मुलुकका विभिन्न पेसागत सङ्गठन र नागरिक अगुवासँग अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि महासङ्घ ऐक्यबद्धताको अपेक्षा गर्दछ ।

इतिहासदेखि नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि राज्यका कुनै अङ्ग, तह वा अरू कुनै सङ्गठित र असङ्गठित क्षेत्रबाट सङ्कुचन वा नियन्त्रण गर्ने प्रयास भए पनि प्रेस जगतले सशक्त प्रतिवाद गर्दै आएको उनको भनाइ छ । शुभकामना सन्देशमा भनिएको छ, अब पनि त्यस्तो प्रतिवाद गर्नुपर्ने अवस्था आइलाग्छ भन्नेमा महासंघ स्पष्ट छ, लोकतान्त्रिक संविधान लागू भएको दशक बितिसक्दा पनि मुलुकमा प्रेस स्वतन्त्रता हननका घटना बढ्दो क्रममा रहेको देखिनु हाम्रा लागि गम्भीर चिन्ताको विषय हो ।

विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने क्रमको सुरुआत सन् १९९१ मा नामिबियाको विन्डहोकमा आयोजित युनेस्कोको सेमिनारबाट भएको हो । उक्त सेमिनारले 'विन्डहोक घोषणापत्र' जारी गरेको थियो । यही घोषणापत्रको स्मरण गर्दै सन् १९९३ मा संयुक्त राष्ट्रसंघको महासभाले युनेस्कोको सिफारिसमा मे ३ लाई 'विश्व प्रेस स्वतन्त्रता दिवस' का रूपमा मनाउने निर्णय गरेको हो । त्यसयता, हरेक वर्ष मे ३ का दिन प्रेस स्वतन्त्रताको रक्षा र प्रवद्र्धन गर्ने उद्देश्यले यो दिवस विश्वभर मनाउने गरिन्छ ।

यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा 'शान्तिपूर्ण भविष्यको निर्माणः मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रता प्रवद्र्धन' रहेको छ । युनेस्कोले यस वर्षको कार्यक्रम जाम्बियाको लुसाकामा मे ४ र ५ का दिन विभिन्न कार्यक्रम गरी मनाउँदै छ ।

अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे) ले ४ मे देखि ७ मे सम्म पेरिसमा हुने महाधिवेशनमा विश्वका पत्रकारहरू सहभागी हुने सम्मेलनमा यो दिवस मनाउँदै छ । पछिल्लो समय सरकारले गरेको सरकारी विज्ञापनमा विभेदपूर्ण व्यवहार, लोककल्याणकारी विज्ञापनको सङ्कुचन र अभिव्यक्ति स्वतन्त्रता माथिकै अङ्कुशका प्रक्रियाहरू हुन भन्ने अध्यक्ष शर्माको बुझाइ छ । रासस

# यस्तो बन्दै मधेशी दलहरुबीच एउटै पार्टी






**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधि सभा निर्वाचनमा एउटै दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट क्लिन स्विप भएका मधेशवादी दलहरु एक हुने तयारीमा छन् ।
यसका लागि उनीहरुले पुनः संघीय लोकतान्त्रिक मोर्चाका नाममा राजनीति गर्ने तयारी गर्दै 'पार्टी एकीकरण खाका' बनाएको पाइएको छ ।
केही दिन यता छलफलमा जुटेको मधेशी दलका नेताहरुले जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरको अध्यक्षतामा बैठक बसेर खाका बनाएका हुन् ।
पार्टीमा संरक्षक, अध्यक्ष, मार्गदर्शक मण्डल र केन्द्रीय कार्यकारिणी समितिको खाका बनाइएको छ । कार्यकारिणी समितिलाई निर्णायक समितिका रुपमा प्रस्तुत गरिएको छ ।
मार्गदर्शक मण्डलको संयोजकमा संरक्षक रहने, अहिलेका विभिन्न पार्टीका अध्यक्षहरु पनि समेटिने छन् । यस्तै, केही वरिष्ठ नेता पनि यसैमा अट्ने व्यवस्था गरिएको छ । पार्टी अध्यक्ष पदेन सदस्य रहने छन् ।
५१ सदस्यीय केन्द्रीय कार्यकारिणी समितिको चयन महाधिवेशनबाट हुने बताइएको छ । यही समितिले पार्टी अध्यक्ष चयन गर्ने र १ सय ५१ सदस्यीय केन्द्रीय समिति मनोनयन गर्ने खाका बनाइएको छ ।
पार्टीले अध्यक्षको हकमा स्नातकोत्तर गरेको, राष्ट्रिय राजनीतिमा कम्तीमा १० वर्ष काम गरेको, ३५ वर्षदेखि ५० वर्ष उमेरको र सरकारी–गैरसरकारी वा नेपाल सरकारको कुनै पनि लाभको पदमा काम नगरेको व्यक्ति राख्ने सहमति बनेको छ ।
यस्तै, अध्यक्ष रहुन्जेल कुनै पनि लाभको पदमा नजाने प्रतिवद्धता जनाउनु पर्ने मापदण्ड पनि बनाइएको छ ।
पार्टी गठन भएको पहिलो ६ महिनासम्मको गतिविधि र पार्टी सञ्चालन गर्न प्रत्येक कार्यकारिणी सदस्यबाट ५० हजार रुपैयाँ र केन्द्रीय सदस्यबाट १० हजार रुपैयाँ सहयोग उठाने भएको छ ।
बैठकमा जसपा नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टी छन् ।

# सम्पत्ति शुद्धिकरणमा बम्जनलाई सफाइ



**मधेशदृष्टि**
**काठमाडौँ ।**
रामबहादुर बम्जनलाई सर्लाही जिल्ला अदालतले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा सफाइ दिएको छ । अदालतले सरकारी पक्षले प्रस्तुत गरेको आरोप पुष्टि हुन नसकेको निष्कर्ष निकाल्दै बम्जनलाई निर्दोष ठहर गरेको हो ।
न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले ८ वैशाखमा फैसला सुनाउँदै बम्जनविरुद्ध दायर गरिएको ८ करोड ५९ लाख रुपैयाँ बिगो दाबी पुग्न नसक्ने जनाएको थियो । यसअघि उनी यही मुद्दामा पुर्पक्षका लागि थुनामा थिए ।
बम्जनमाथि बाल यौन दुराचार र व्यक्तिलाई बेपत्ता पारेको आरोपमा समेत मुद्दा चलाइएको थियो । तर उच्च अदालत जनकपुरले बाल यौन दुराचार मुद्दामा पनि उनलाई चैतमा सफाइ दिएको थियो । त्यसपछि उनी कारागारबाट रिहा भएका थिए ।
यसअघि सर्लाही जिल्ला अदालतले २०८१ असारमा बम्जनलाई १० वर्ष कैद र पाँच लाख रुपैयाँ जरिवानाको फैसला सुनाएको थियो । निर्णयविरुद्ध उनले उच्च अदालतमा पुनरावेदन दिएका थिए । बम्जनमाथि सिन्धुपाल्चोकस्थित आश्रमबाट एक अनुयायी बेपत्ता भएको आरोपसमेत लागे पनि मुद्दा भने हालसम्म अदालतमा दर्ता भएको छैन । लामो समय फरार रहेका बम्जनलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले २०८० पुसमा काठमाडौँको बूढानीलकण्ठबाट पक्राउ गरेको थियो ।

# सम्पत्ति छानबिन आयोगका पदाधिकारीलाई मन्त्री सरह सुविधा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले सार्वजनिक पदाधिकारी नेता तथा उच्च पदस्थ कर्मचारीको सम्पत्ति जाँचबुझ गर्न गठन गरेको सम्पत्ति छानबिन आयोगका पदाधिकारी तथा कर्मचारीहरूको पारिश्रमिक र सेवा सुविधा तोकेको छ ।
आयोगका अध्यक्ष र सदस्यहरूलाई मन्त्री सरहको मर्यादा–सेवा सुविधा र आकर्षक सुविधा प्रदान गरिएको छ ।
आयोगको गठन तथा कार्यसम्पादन शर्तसम्बन्धी राजपत्रमा उल्लेख गरिएको विवरण अनुसार, आयोगका अध्यक्षले राजमन्त्री सरहको पारिश्रमिक र सुविधा पाउनेछन् । त्यसैगरी, सवारी साधन, इन्धन, सवारी चालक र सञ्चार सुविधा बापत थप मासिक एकमुष्ट ६० हजार रुपैयाँ उपलब्ध गराइनेछ ।
सदस्यहरूको हकमा सहायकमन्त्री सरहको पारिश्रमिक र सुविधा तोकिएको छ । सदस्यहरूले पनि सवारी साधन, इन्धन, चालक र सञ्चार खर्चका लागि अध्यक्षले सरह नै मासिक ६० हजार रुपैयाँ अतिरिक्त सुविधा पाउने छन् ।
सचिवालयमा खटिने कर्मचारीहरूका लागि पनि उनीहरूले खाइपाइ आएको तलब स्केलको २५ प्रतिशत थप भत्ता मासिक रूपमा उपलब्ध गराइने छ ।
आयोग सञ्चालनका लागि आवश्यक मसलन्द, फर्निचर, कार्यालय उपकरण तथा सवारीसाधनको व्यवस्थापन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ । सम्पूर्ण बजेट भने अर्थ मन्त्रालयले उपलब्ध गराउने उल्लेख छ ।
गत वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी अध्यक्ष रहेको ५ सदस्यीय आयोग गठन गरिसकेको छ । पूर्वमुख्यन्यायाधीश पुरुषोत्तम पराजुली, पूर्वन्यायाधीश चण्डीराज ढकाल, पूर्व प्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल आयोगका सदस्य छन् ।
यो समितिलाई पहिलो चरणमा आर्थिक वर्ष २०६२–६३ देखि देखि २०८२–८३ र दोस्रो चरणमा २०४८ देखि २०६१–६२ सम्मको सार्वजनिक जिम्मेवारीमा रहेकाहरूको सम्पत्ति छानबिन गरी कारबाही सिफारिसको कार्यादेश छ । आयोगको कार्यअवधि काम सुरू गरेको मितिले एक वर्षको हुनेछ ।

# चैत १२ गतेअघि नियुक्त पदाधिकारीहरु स्वतः पदमुक्त

**काठमाडौँ ।**
विसं २०८२ चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारीहरु स्वतः पदमुक्त भएका छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गरेको 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था अध्यादेश, २०८३' को दफा २ को (१) मा यस्तो व्यवस्था गरिएको छ ।
यो दफामा सार्वजनिक पदाधिकारीहरुको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए पनि यो अध्यादेश प्रारम्भ भएपछि त्यस्ता पदाधिकारीहरु कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुने उल्लेख छ । अध्यादेश कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले आइतबार सार्वजनिक गरेको हो ।
अध्यादेशको दफा २ को उपदफा (२) मा पदमुक्त भएको पदाधिकारीलाई सम्बन्धित मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिने उल्लेख छ । दफा १ को (२) बमोजिम यो अध्यादेश कार्यान्वयनमा आइसकेको छ ।
प्रचलित कानूनबमोजिम नियुक्त तथा मनोनयन भएका वा तोकिएको सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकाले यो अध्यादेश जारी भएको प्रस्तावनामा भनिएको छ ।
प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायलाई नयाँ गति दिने उद्देश्यले यो कदम चालेको हो । अध्यादेश जारी भएसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५ सय ९४ पदाधिकारी एकमुष्ट पदमुक्त भएका छन् ।

# महिला गोल्डकप फुटबलको उपाधि पुलिस क्लबलाई




**कास्की ।**
पोखरामा सञ्चालन भएको पहिलो संस्करणको महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधि विभागीय टोली नेपाल पुलिस क्लबले जितेको छ । पोखरा रङ्गशालामा आइतबार सम्पन्न फाइनल खेलमा नेपाली सेनाको त्रिभुवन आर्मी क्बलाई 'पेनाल्टी सुटआउट'मा ५–४ गोलले पराजित गर्दै पुलिस 'च्याम्पियन' बन्न सफल भएको हो ।
उपाधि विजेता पुलिसले पाँच लाख रुपैयाँसहित ट्रफी पुरस्कार पाउँदा उपविजेता आर्मीले तीन लाख रुपैयाँमा चित्त बुझायो । पेनाल्टीमा पुलिसका लागि रेखा पौडेल, समीक्षा घिमिरे, पूजा राना, सविना चौधरी र वर्षा चौधरीले गोल गर्दा गोलरक्षक उषा चौधरीको पेनाल्टी आर्मीकी गोलरक्षक कोपिला खड्काले रोकिन् । आर्मीका लागि अनिता लाम्जेल, दीपा शाही, हिमा चौधरी र चन्द्रा भण्डारीले गोल गर्दा अन्जना थुलुङ्ग राईको प्रहार पोष्टबारमा लाग्दै बाहिरियो भने इन्दिरा राईको प्रहारलाई पुलिसकी गोलरक्षक उषाले जोगाइन् ।
खेलको निर्धारित ९० मिनेटको समयको खेल गोलरहित बराबरीमा रोकिएको थियो । आर्मी पहिलो हाफमै १० खेलाडीमा सीमित बनेको थियो । पुलिसको एक खेलाडी कम हुँदा सोको फाइदा पुलिसले उठाउन सकेन । खेलको २७औँ मिनेटमा पुलिसकी निर्मला विकले बल अघि बढाउने क्रममा आर्मीकी 'डिफेन्डर' विमला विकले पेनाल्टी एरिया नजिक लडाएपछि उनले रातो कार्ड पाएकी थिइन् ।
प्रतियोगितामा पुलिसकी निर्मला विक सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनले ३० हजार रुपैयाँ पुरस्कार पाइन् । यसैगरी, उत्कृष्ट गोलरक्षक पुलिसकी उषानाथ तथा रेखा पौडेल सर्वाधिक गोलकर्ता बनिन् । रेखाले जारी प्रतियोगितामा कुल पाँच गोल गरेकी थिइन् । उनीहरुले जनही १५ हजार रुपैयाँ पुरस्कार पाए । प्रतियोगिताको अनुशासित टोलीको पुरस्कार आयोजक आरएस पोखरा फुटबलले प्राप्त गर्‍यो ।
विजेता टोली तथा खेलाडीहरुलाई नेपाली सेनाको पश्चिम पृतना पोखराका पृतनापति उपरथी भोलानाथ थापा, गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ प्रहरी उपरीक्षक तुलबहादुर कार्कीलगायतले पुरस्कार वितरण गरेका थिए । वैशाख १८ गतेदेखि सुरु भएको प्रतियोगितामा पुलिस, आर्मीसँगै सङ्कटा र आयोजक आरएस पोखरा फुटबल क्लबको सहभागिता थियो ।

# वीरगंजका पीडित घरधनीहरुद्वारा काठमाडौँमा प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज मेनरोड विस्तारबाट प्रभावित व्यवसायी र घर धनीहरूले आइतबार काठमाडौँमा प्रदर्शन गरेका छन् । काठमाडौँ माइतीघर मण्डलामा सरकारविरुद्ध प्रदर्शन गर्दै उनीहरूले ऐतिहासिक वीरगंजको महत्व र पहिचान जोगाउन माग गरे ।
सडक विस्तारको क्रममा सम्बन्धित क्षेत्रका बासिन्दालाई निजी सम्पत्तिको संरक्षण गर्न पाउने समय समेत नदिइ आक्रामक र दमन शैलीमा तोडफोड गर्दा धेरै व्यवसायी सडकमा आइपुगेको र एक जनाको ज्यान समेत गएको प्रदर्शनकारीहरूले बताए ।
तोडफोडको क्रममा भएका क्षतिको पूर्ति सरकारले गर्नु पर्ने भन्दै उनीहरूले धैर्यताको परीक्षा नलिन सरकारलाई चेतावनी दिए ।
वडा अध्यक्ष जवाहर प्रसाद गुप्ताको नेतृत्वमा रहेका घर धनी एवम् व्यवसायीहरूले काठमाडौँमा शान्तिपूर्ण प्रदर्शन गरेका हुन् ।

# कारको डिक्कीमा एक क्वीन्टल गाँजा

**मधेशदृष्टि**
**महोत्तरी ।**
प्रहरीले शंकास्पद अवस्थामा फेला परेको भारतीय नम्बर प्लेटको कारबाट ठूलो परिमाणमा गाँजा बरामद गरेको छ । घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरिएको छ ।
रामगोपालपुर नगरपालिका–७ स्थित हरिनमरी–सर्सोल सडक खण्डमा बेवारिसे अवस्थामा रोकिएको डिएल १ सी क्यु ५८६९ नम्बरको कारलाई जाँच गर्दा डिक्की भित्र लुकाइ राखिएको २० पोका गाँजा फेला परेको प्रहरीले जनाएको छ । बरामद गाँजाको कुल तौल १०१ केजी ६३० ग्राम रहेको छ ।
अनुसन्धानको क्रममा भारत बेतिया घर भई हाल जनकपुरधाम बस्दै आएका ३२ वर्षीय कमलजीत भनिने अनरजित र बर्दिबास–५ का ३५ वर्षीय नन्दलाल बललाई प्रहरीले नियन्त्रणमा लिएको हो ।
पक्राउ परेका दुवैलाई अदालतबाट म्याद थप गरी लागूऔषध सम्बन्धी मुद्दामा थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । प्रहरीले उक्त घटनामा थप संलग्न व्यक्ति र नेटवर्कको खोजी भइरहेको जनाएको छ ।

# चितवन राष्ट्रिय निकुञ्जः भिम्ले पोष्ट नजिक बाघ मृत फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवन राष्ट्रिय निकुञ्जको भिम्ले पोस्ट नजिकै एक बाघ मृत फेला परेको छ ।
पश्चिम चितवनको मेघौली नजिकै पर्ने निकुञ्जको कोर इलाकामा करिब दुई वर्षको भाले बाघ मृत भेटिएको हो ।
निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तका अनुसार आइतबार नै निकुञ्जका पशु चिकित्सकहरूले मृत बाघको शवपरीक्षण ९पोस्टमार्टम० गरेका छन् । दुई वर्षको उक्त बाघ के कारणले मर्यो भन्ने विषयमा अझै यकिन हुन सकेको छैन । यद्यपि, मृत बाघको पुच्छरमा गहिरो घाउ देखिएको छ ।
निकुञ्जका संरक्षण अधिकृत अविनाश मगरले उक्त घाउ अन्य बाघको आक्रमणबाट भएको हुन सक्ने अनुमान गरेका छन् । यसअघि दुई दिनअघि मात्रै निकुञ्जमा करिब डेढ महिनाको ओथारो (डमर) मृत अवस्थामा भेटिएको थियो । माउले छाडेको अवस्थामा फेला परेको उक्त डमरुको उपचारका क्रममा मृत्यु भएको निकुञ्जले जनाएको छ ।
चितवन राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षमा यो पछिल्लो घटनासहित बाघ मर्नेको संख्या छ पुगेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन